दोस्रो भाषाका रूपमा नेपाली भाषा सिकाइका लागि

# शिक्षण स्रोतसामग्री



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार : प्रकाशकमा

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधनमा उतार्न वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन । शिक्षण स्रोतसामग्रीका सम्बन्धमा सुझाव भएमा पाठ्यक्रम विकास केन्द्र, समन्वय तथा प्रकाशन शाखामा पठाइदिनुहुन अनुरोध छ ।

पहिलो संस्करण : वि. सं. २०७७

# भूमिका

नेपाल संवैधानिक रूपमा बहुभाषिक राष्ट्र हो । नेपालको संविधानले यहाँका सबै भाषालाई राष्ट्र भाषाको स्थान दिए पनि नेपाली भाषालाई सरकारी कामकाजको भाषा मानेको छ । विद्यालय शिक्षाको पाठ्यक्रमले नेपाली भाषालाई विद्यालय शिक्षामा कक्षा १ देखि नै अनिवार्य विषय मानी पठनपाठनको माध्यम भाषासमेत मानेको छ । नेपालका धेरै बालबालिकाले आफ्नो मातृभाषासँगै दोस्रो भाषाका रूपमा नेपाली भाषाको प्रयोग गर्छन् । बालबालिकालाई मातृभाषा वा पहिलो भाषा सिक्न जति सहज हुन्छ, दोस्रो भाषा सिक्न त्यति सहज नहुन सक्छ । यसर्थ दोस्रो भाषाका रूपमा नेपाली सिकाउन विभिन्न पद्धति र प्रक्रिया आवश्यक छ । विशेषतः तल्ला कक्षाका बालबालिकामा आफ्नो मातृभाषाको उपयोग गर्दै नेपाली भाषाको दक्षता विकासका लागि शिक्षकले सुनेर गर्ने, सुनेर भन्ने, प्रश्नोत्तर गर्ने, कुराकानी गर्ने, चित्रको प्रयोग गर्ने, त्रुटि सुधारका लागि अभ्यास गर्ने जस्ता क्रियाकलाप गराउनुपर्छ । यसका लागि मातृभाषा नेपाली नभएका बालबालिकाका लागि नेपाली भाषा सिकाइमा परेका समस्या पहिचान गरी सिकाइ सहजीकरण गर्न शिक्षकलाई सहयोग पुऱ्याउने उद्देश्यले यो सामग्री विकास गरिएको हो । यसले खास भाषिक सिप विकासभन्दा पनि कक्षा १ देखि ३ सम्मका दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीलाई केन्द्रमा राखी विद्यार्थी केन्द्रित क्रियाकलाप गराउन शिक्षकमा ज्ञान, सिप र दक्षता विकास गर्ने अपेक्षा गरिएको छ ।

दोस्रो भाषाका रूपमा नेपाली भाषा सिकाइका लागि शिक्षण स्रोतसामग्री विषयको यस सामग्रीको विकास कार्यमा डा. प्रेम फ्याकले सहजीकरण गर्नुभएको हो । स्रोतसामग्री विकास कार्य श्री देवी घिमिरे, श्री बेगेन्द्र सुब्बा, श्री सचितानन्द घिमिरे, श्री टुकराज अधिकारी, श्री गणेशप्रसाद भट्टराई, श्री पुरुषोत्तम घिमिरे, श्री चिनाकुमारी निरौला र श्री इन्दु खनाल सम्मिलित कार्यदलबाट गरिएको हो । यस कार्यमा डा. सुसन आचार्य, श्री प्रेमप्रसाद भट्टराई, श्री शङ्कर अधिकारी, श्री गायत्री तिम्सिना, श्री पुण्य घिमिरे र  श्री शाश्वत पराजुलीबाट विशेष सहयोग प्राप्त भएको हो । यसको थप परिमार्जन तथा सम्पादन कार्य लेखक समूहसहित पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक डा. लेखनाथ पौडेल, प्रा.डा. रमेशप्रसाद भट्टराई, डा. नवराज कट्टेल, डा. जानुका नेपाल, डा. गीता खरेल, श्री विष्णु ज्ञवाली र श्री नारायणजङ थापाबाट भएको हो । यसको लेआउट डिजाइन श्री भक्त कार्कीबाट भएको हो । यसको विकासमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (इजिआरपी) को प्राविधिक सहयोग रहेको छ । यस शिक्षण स्रोतसामग्रीको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

भाषाको शिक्षण सिकाइका लागि शिक्षकको विशेष भूमिका हुन्छ । यस सामग्रीमा दोस्रो भाषाका रूपमा नेपाली भाषा सिकाउँदा उच्चारण, शब्दभण्डार, बोध, वाक्य गठन र भाषा प्रयोग वा अभिव्यक्तिका क्षेत्रमा देखा पर्ने चुनौती समाधानका लागि नमुना क्रियाकलाप दिइएकाले व्यावहारिक ढङ्गले यसको प्रयोग गर्न भाषा शिक्षकहरूलाई अनुरोध छ । यसलाई अझ परिष्कृत पार्नका लागि प्रयोगकर्ता शिक्षकलगायत सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

विसं. २०७७

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर

# विषयसूची


| | | |
|---|---|---|
| १. | परिचय | ५ |
| २. | दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्दा समेट्नुपर्ने केही पक्ष | ८ |
| ३. | भाषिक स्थितिको पहिचान | १० |
| ४. | उच्चारण | १३ |
| ५. | संरचना र सङ्गति | २७ |
| ६. | बोध | ३६ |
| ७. | पठन प्रवाह | ४४ |
| ८. | अभिव्यक्ति | ४६ |

# १

# परिचय

नेपाल बहुभाषिक देश हो । यसर्थ हाम्रा विद्यालयहरूमा विभिन्न भाषिक समुदायका विद्यार्थी आउँछन् । विद्यालयका अधिकांश कक्षामा भिन्न भिन्न भाषिक पृष्ठभूमि रहेका विद्यार्थीले सँगसँगै अध्ययन गर्छन् । यसरी दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोग गर्ने बालबालिकालाई मातृभाषाका रूपमा नेपाली शिक्षण गर्दा अपनाइने विधि तथा प्रक्रिया अवलम्बन गरिएमा उनीहरूको भाषिक सिप विकासमा अपेक्षा गरेअनुसार सुधार हुन सक्दैन । दोस्रो भाषा सिकाइ सहजीकरणका क्षेत्रमा गरिएका अध्ययनहरूले दोस्रो भाषाका रूपमा नेपाली प्रयोग गर्ने बालबालिकालाई बहुभाषिक विधि अपनाएर उनीहरूको मातृभाषाहरूलाई समेत उपयोग गर्न सकेमा सिकाइका लागि महत्त्वपूर्ण सहयोग प्राप्त भई सिकाइसमेत प्रभावकारी हुने तथ्यहरू देखाएका छन् । प्रारम्भिक कक्षाहरूमा साक्षरताको जग बलियो बनाउन मातृभाषा र माध्यम भाषाको सन्तुलित प्रयोग अपरिहार्य छ ।

नेपालको सन्दर्भमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि गरिएका विभिन्न अध्ययनअनुसार नेपाली भाषा सिकाइमा दोस्रो भाषाका रूपमा नेपाली प्रयोग गर्ने बालबालिकालाई मातृभाषाका रूपमा नेपाली बोल्ने बालबालिकाभन्दा तुलनात्मक रूपमा बढी सहयोग चाहिने तथ्य उजागर गरेको छ । त्यसैगरी राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको सन् २०१७/२०१८ मा भएको मध्यावधि मूल्याङ्कनले पनि मातृभाषाका रूपमा नेपाली भएका बालबालिकाको तुलनामा दोस्रो भाषाका रूपमा नेपाली प्रयोग गर्ने बालबालिकाहरूको नेपाली भाषाको सिकाइमा थप सहयोग आवश्यक रहेको तथ्यलाई पुष्टि गरेको छ । ती अध्ययनहरूले माध्यम भाषाको सिकाइमा मातृभाषाहरूको सन्तुलित प्रयोग नगर्दा दोस्रो भाषाका रूपमा नेपाली प्रयोग गर्ने बालबालिका प्रभावकारी सिकाइबाट वञ्चित हुने भएकाले नेपाली भाषा शिक्षणमा उक्त पक्षलाई विशेष ध्यान दिनुपर्ने निष्कर्ष निकालेका छन् । यो सामग्री निर्माण गर्ने क्रममा विभिन्न जिल्लाका विद्यालयहरूमा कक्षा अवलोकन र शिक्षक तथा विद्यार्थीहरूसँग गरिएको अन्तर्क्रियाबाट पनि के स्पष्ट हुन्छ भने दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोग गर्ने बालबालिकाको नेपाली भाषासम्बद्ध भाषिक सिपहरू मातृभाषाका रूपमा नेपाली प्रयोग गर्ने बालबालिकाको भन्दा फरक हुन्छ । साथै सिकाइमा उनीहरूको सहभागिता पनि कम भएको पाइन्छ । यो समस्या सम्बोधन गर्नका लागि शिक्षकहरूको भूमिका महत्त्वपूर्ण हुने हुँदा प्रारम्भिक कक्षाहरूमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई तालिम तथा अन्य सहयोगहरूको आवश्यकता पर्ने तथ्य भाषाविद्को रहेको छ । त्यही सुझावलाई ध्यानमा राखेर यो शिक्षक स्रोतसामग्री तयार पारिएको हो ।

यो सामग्री निर्माण गर्नुको उद्देश्य कक्षा १ देखि ३ सम्म दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्ने शिक्षकहरूलाई शिक्षण गर्न थप सहयोग पुगोस् भन्ने हो । विभिन्न मातृभाषा बोल्ने बालबालिकाहरूलाई एउटा कक्षामा राखेर शिक्षण गर्नका लागि चाहिने केही क्रियाकलापहरू यहाँ समेटिएका छन् । बहुभाषिक कक्षामा यो वा त्यो भाषा नभनी सिकाइ सहजीकरण प्रभावकारी बनाउनका लागि विद्यार्थीले जानेका भाषाहरूको प्रयोग गरिनुपर्छ । प्रारम्भिक तहमा बालबालिकाले आफूले निर्धक्कसँग बुझ्न र बोल्न सक्ने भाषाहरूलाई नेपाली भाषा सिकाइ सहजीकरणका स्रोतका रूपमा प्रयोग गर्दा उनीहरूको सिकाइ प्रभावकारी हुन्छ ।

## यो सामग्री प्रयोग गर्दा ध्यान पुऱ्याउनुपर्ने कुराहरू

- दोस्रो भाषाका रूपमा नेपाली प्रयोग गर्ने बालबालिकालाई प्रभावकारी रूपले शिक्षण गर्नका लागि यो सामग्री तयार पारिएको हो। तसर्थ यो सामग्रीलाई पाठ्यसामग्रीका पाठ तथा अभ्यासहरूका आधारमा सिकाइ सहजीकरण गर्न सहयोगी सामग्रीका रूपमा मात्र लिनुपर्छ ।
- यहाँ समावेश भएका क्रियाकलापहरू केही उदाहरण मात्र हुन् । यस्तै किसिमका अन्य धेरै विधि र क्रियाकलापहरू आवश्यकताअनुसार कक्षाकोठामै निर्माण हुन सक्छन् । त्यस्ता थप क्रियाकलापहरूको खोजी गर्न जरुरी हुन्छ ।
- यहाँ दिएका सबै क्रियाकलापहरू सबै परिवेशमा हुबहु लागु नहुन सक्छन् । बालबालिकाको भाषिक पृष्ठभूमिअनुसार क्रियाकलापहरू परिवर्तन गर्नुपर्ने हुन्छ ।
- यहाँ दिएका मातृभाषाका उदाहरणहरू नमुनाका लागि मात्र दिइएका हुन् । बालबालिकाको भाषिक पृष्ठभूमि बुझेर अन्य भाषाहरूको प्रयोग गर्नुपर्छ ।
- दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोग गर्ने बालबालिकाको सहभागितामा जोड दिँदै गर्दा आम विद्यार्थीमाझ उनीहरूका भाषिक सञ्चार र अभिव्यक्तिमा समस्यामा छन् भन्ने सन्देश जान नदिनका लागि उनीहरूले प्रयोग गर्ने मातृभाषाहरूलाई सकारात्मक रूपमा लिने र दोस्रो भाषाका रूपमा नेपाली सिक्ने सबै विद्यार्थीलाई मातृभाषाको सन्तुलित प्रयोग आवश्यक छ भन्ने सन्देश दिनका लागि बहुभाषिक विधि अपनाउनुपर्छ ।
- नेपाली भाषा सिकाइका क्रममा मातृभाषामा सञ्चार र अभिव्यक्ति गर्ने गराउने अवस्था रहेमा मातृभाषाको मूल्याङ्कनतर्फ ध्यान नदिनुहोस् । यसलाई स्रोतका रूपमा मात्र उपयोग गर्नुहोस् ।
- नेपाली शिक्षण गर्दा मातृभाषाहरूको प्रयोगलाई अनुवादका रूपमा मात्र प्रयोग गरिनु

हुँदैन । बालबालिकालाई कठिन भएको बेला मात्र प्रयोग नगरी मातृभाषाहरूलाई सिकाइ सहजीकरण प्रभावकारी बनाउनका लागि स्रोतका रूपमा विभिन्न क्रियाकलापहरूमा उपयोग गर्न सकिन्छ ।

- सिकाइका क्रममा विभिन्न भाषामा मिल्ने शब्द वा केही रूप परिवर्तन भएका शब्दको अभ्यासलाई उपयोग गर्दै सिकाइ सहजीकरण गर्न सकिन्छ, जस्तै : आमा, माँ, अम्मा, माङ, ... ... । उल्लिखित अभ्यास वर्ण, शब्द र वाक्य तहमा गराउँदै भाषिक रूपान्तरण र स्थानान्तरण पनि गर्न सकिन्छ । यस क्रममा स्थानविशेषका आधारमा शब्दको प्रयोगमा आउने भिन्नताबाट शब्दभण्डार वृद्धि गर्दै सञ्चार र अभिव्यक्तिमा सहयोग गर्न सकिन्छ, जस्तै : (क) सुपो, नाङ्लो (ख) रूपी, सारौ, डाङ्ग्रे ।
- यसमा प्रयोग भएका भाषा र चित्र नमुना मात्र हुन् । त्यसका आधारमा स्थानीय भूगोल, भाषा, विषयक्षेत्र र परिवेश सुहाउँदा वैकल्पिक चित्र, विषयवस्तु, विज्ञ र सन्दर्भको पनि उपयोग गर्नुपर्छ ।
- सिकाइ सहजीकरणका क्रममा नेपाली भाषासँगै अन्य मातृभाषाको प्रयोग हुने अवस्था रहेमा मातृभाषा विशेषका ध्वनिसमेतलाई ख्याल गरी ध्वनि पहिचान, उच्चारण र लेखन अभ्यास गराउनुहोस् ।

यहाँ समावेश भएका क्रियाकलापहरू पूर्ण रूपमा लागु गर्नैपर्छ भन्ने छैन । पाठ्यसामग्रीका क्रियाकलापलाई सिकाइ सहजीकरण गर्ने क्रममा यस सामग्रीका सान्दर्भिक क्रियाकलापलाई आवश्यकताअनुसार प्रयोग गर्न सकिन्छ । तसर्थ यो सामग्रीलाई शिक्षक निर्देशिकाका रूपमा लिन हुँदैन । यहाँ भएका क्रियाकलापहरू प्रयोग गर्नुभन्दा पहिले सबै क्रियाकलापहरू एक पटक पढ्दा अझ राम्रो हुन्छ । प्रत्येक क्रियाकलापको अन्त्यमा शिक्षकको अनुभव छुट्टै टिपोट गरी सहकर्मी शिक्षक वा अन्य सरोकारवालासँग अन्तर्क्रिया गर्नुपर्छ । अन्तर्क्रियाका क्रममा यहाँ समस्या के थिए, क्रियाकलाप के के गरियो, नतिजा के के आयो, के सुधार गर्नुपर्छ, आफ्नो अनुभव राखी यसमा थप सुधार गर्न सकिन्छ । त्यसले शिक्षकहरूलाई थप क्रियाकलापहरू निर्माण र प्रयोग गर्न सहयोग पुग्ने छ ।

# २

# दोस्रो भाषाका रूपमा नेपाली शिक्षण गर्दा समेट्नुपर्ने केही पक्ष

दोस्रो भाषाका रूपमा नेपाली प्रयोग गर्ने विद्यार्थीलाई मातृभाषाका रूपमा पढाउँदा सिकाइ सहजीकरण अपेक्षित रूपमा प्रभावकारी नहुन सक्छ । हाम्रो जस्तो बहुभाषिक समाजमा एउटै कक्षामा नेपाली मातृभाषा र दोस्रो भाषा भएका विद्यार्थी हुने भएकाले सिकाइ सहजीकरण गर्दा बहुभाषिक विधि अपनाउनुपर्ने हुन्छ । नेपाली भाषाको शिक्षणका क्रममै मातृभाषाहरूको प्रयोगलाई सिकाइको स्रोतका रूपमा प्रयोग गर्नुपर्ने हुन्छ । मातृभाषाहरूको प्रयोगले सबै विद्यार्थीको सिकाइमा सहभागिता बढ्छ । यसले कक्षामा बोल्न लजाउने विद्यार्थीलाई खुलेर अन्तरक्रिया गर्ने अवसर पनि मिल्छ । यसका लागि निम्नलिखित सैद्धान्तिक पक्षहरूमा ध्यान दिनुपर्ने हुन्छ :

१. मातृभाषालाई सिकाइको स्रोतका रूपमा प्रयोग गर्नुहोस् । ध्वनि सचेतीकरण, शब्दभण्डार, बोध र अभिव्यक्ति जस्ता जुनसुकै भाषिक पक्षको सिकाइ सहजीकरण गर्दा पनि मातृभाषाको प्रयोगलाई स्रोतका रूपमा प्रयोग गर्नुहोस् ।

२. समस्या पर्दा मात्र नभई नेपाली सिकाइ सहजीकरणको अभिन्न अङ्गका रूपमा मातृभाषालाई पनि प्रयोग गर्नुहोस् ।

३. मातृभाषा र कथ्य प्रयोगका माध्यमबाट भाषिक रूपान्तरण र स्थानान्तरण गर्ने विधिहरूको प्रयोग गर्नुहोस् । यस क्रममा शब्दहरूको उच्चारणमा पाइने भिन्नतालाई तुलना गराउँदै नेपाली भाषाको उच्चारण प्रक्रियाप्रति पनि सचेत गराउनुहोस् ।

४. मातृभाषाका माध्यमबाट आर्जित ज्ञान तथा सिपलाई टेवा (Scaffolding) विधि प्रयोग गरेर नेपाली भाषाको सिकाइलाई प्रभावकारी बनाउनुहोस् । यसका लागि निम्नलिखित क्रियाकलापहरूको उपयोग गर्नुहोस् :

- सिकाइ सहजीकरण, सञ्चार र अभिव्यक्तिका क्रममा नेपाली तथा मातृभाषा दुवैका दृष्टान्त र उदाहरणहरू दिनुहोस् ।
- आवश्यकताअनुसार श्रव्य, दृश्य, श्रव्यदृश्य सामग्रीहरू (जस्तै : फिल्म, भिडियो, अडियो) को उपयोग उपयोग गर्नुहोस् ।
- दैनिक जीवनमा प्रयोग हुने र विभिन्न कार्य, सन्दर्भ र परिवेशमा देखिने वस्तुहरू प्रयोग गर्नुहोस् ।

- स्थान, भाषा र कार्यविशेषमा आधारित भई नमुना, टेबल, रेखाचित्र र आरेखहरू प्रयोग गर्नुहोस् ।
- भाषा प्रयोगसँगै शारीरिक क्रियाकलापहरू (जस्तै : उठ, बसका लागि विद्यार्थीलाई साँच्चिकै उठ्न र बस्न लगाउनुहोस्) गराउनुहोस् ।



सिकाइ सहजीकरणका क्रममा सान्दर्भिक चित्र, फोटो र नक्साहरूको प्रयोग गर्नुहोस् ।

- बालबालिकालाई समूह र जोडीमा सिक्न प्रेरित गर्नुहोस् । मातृभाषाका रूपमा तथा दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूको मिश्रित समूह बनाउनुहोस् ।
- सिकाइलाई प्रभावकारी एवम् बालकेन्द्रित बनाउन अन्तर्वार्ता र छलफल विधिहरू प्रयोग गर्नुहोस् । यसका लागि मातृभाषाको प्रयोगलाई स्रोतका रूपमा लिनुहोस् । यस्ता छलफललाई उद्देश्यकेन्द्रित बनाउनुहोस् ।

५. कक्षा शिक्षणका क्रममा खेल विधि, गीत र छोटा कविताहरू प्रयोग गर्नुहोस् । नेपालीभन्दा भिन्न मातृभाषी विद्यार्थीका लागि मातृभाषाका गीतहरू प्रयोग गर्दा अझ प्रभावकारी हुन सक्छ भन्ने तथ्यमा विशेष ध्यान दिनुहोस् ।

६. पहिलो र दोस्रो भाषाका विभिन्न पक्षहरूलाई उदाहरण र चित्रहरूको सहायताले तुलना गर्ने क्रियाकलाप गराउनुहोस् ।

७. शब्दहरूको अर्थ मातृभाषा र माध्यम भाषा गरी दुवै भाषामा खोज्न र तुलना गर्न लगाउनुहोस् । यस क्रममा अर्थ पहिचान गर्न वास्तविक वस्तु, चित्र, कुराकानी, उदाहरण आदिलाई प्रयोग गर्नुहोस् र सिकाइमा सहजीकरणका लागि विभिन्न सन्दर्भहरू दिनुहोस् ।

८. विद्यार्थीले गर्ने गल्तीलाई सकारात्मक पृष्ठपोषण दिनुहोस् । यसका लागि दोहोऱ्याउने अभ्यास, नमुना प्रस्तुति र शब्द वा संरचनाको परिवर्तित रूपको पहिचान र प्रस्तुतिमा आधारित क्रियाकलाप निर्माण र उपयोग पनि गर्नुहोस् ।

# ३

# भाषिक स्थितिको पहिचान

## उद्देश्य

- कक्षामा भएका विद्यार्थीको भाषिक स्थिति पहिचान गर्न
- विद्यार्थीको भाषिक प्रयोगका आधारमा सिकाइ योजना निर्माणमा सहयोग गर्न

## सामग्री

चार्टपेपर, श्रव्यदृश्य सामग्री, वेषभूषा, शब्दपत्ती, चित्रपत्ती, वास्तविक वस्तुहरू

## क्रियाकलाप

### अभिलेखीकरण

- विद्यार्थीको भर्ना फाराम वा हाजिरी पुस्तिका हेरी दोस्रो भाषाका रूपमा नेपाली बोल्ने विद्यार्थीको सङ्ख्या र उनीहरूको मातृभाषा प्रयोगको स्थिति अनुमान गर्नुहोस् ।
- शिक्षकले स्थानीय भाषा, संस्कृति, परम्परा, चालचलन आदिका बारेमा आधारभूत जानकारी लिई यी पक्ष समेटिएको अभिलेख राख्नुहोस् ।
- शिक्षकले विद्यार्थीको मातृभाषामा भएका गीत, लोककथा, पुराकथा, दन्त्यकथा सङ्कलन गर्नुहोस् । विभिन्न कक्षामा आवश्यकताअनुसार सङ्कलित सामग्री वाचन गरेर सुनाउनुहोस् र प्रतिक्रिया लिनुहोस् वा दिनुहोस् ।

### भाषिक स्थिति पहिचानका क्रियाकलाप

- विद्यार्थीलाई पनि गीत गाउन, कथा भन्न वा अन्य कुनै क्रियाकलाप गराई त्यस क्रममा भाषा प्रयोगको अवस्था हेरी वा अवलोकन गरी उनीहरूको मातृभाषाको प्रयोगको स्थिति पहिचान गर्नुहोस् ।



- शिक्षकले आफ्नो कक्षाका मातृभाषी विद्यार्थीको स्थिति पहिचान गरिसकेपछि उक्त भाषाका आधारभूत शब्दावली र आधारभूत संरचना (वाक्य ढाँचा) का बारेमा अध्ययन गर्नुहोस् ।
- स्थानीय पर्व, जात्रा, वेषभूषा, खानपिन, खेलकुद आदिका बारेमा कुराकानी गर्नुहोस् ।
- विद्यार्थीलाई आफ्ना बारेमा बोल्ने र कुराकानी गर्ने वातावरण सिर्जना गर्नुहोस् ।
- विद्यार्थीलाई नेपाली वा आफ्नो मातृभाषामा आफ्नो नाम भन्न र परिचय दिन लगाउनुहोस् । विद्यार्थीलाई तलको उदाहरणमा दिइएका जस्ता प्रश्नहरू सोध्नुहोस् र यस्तै किसिमका प्रश्नको उत्तर आफ्नो मातृभाषामा पनि दिन लगाउनुहोस् ।

## उदाहरण

(क) मेरो नाम ......................... हो ।

तपाईंको नाम के हो ?

(ख) मेरो घर ...........................मा छ ।

तपाईंको घर कहाँ छ ?

(ग) मेरो घरमा ..................... हुनुहुन्छ ।

तपाईंको घरमा को को हुनुहुन्छ ?

(घ) मलाई .............................. मनपर्छ ।

तपाईँलाई के के मनपर्छ ?

(ङ) ................................... मेरा साथी हुन् ।

को को तपाईँका साथी हुन् ?

विद्यार्थीले भनेका साथी र उनीहरूले प्रयोग गर्ने भाषाका आधारमा भाषिक प्रयोगको स्थिति पहिचान गर्नुहोस् । कहिलेकाहीँ एउटा विद्यार्थीले एकभन्दा बढी भाषाको प्रयोग गरिरहेको अवस्था पाइएमा उसलाई साथी शिक्षकका रूपमा अघि बढाउनुहोस् र उसलाई निरन्तर सहयोग एवम् उत्प्रेरित गर्नुहोस् ।

- शिक्षकले विद्यार्थीको भाषिक सांस्कृतिक अवस्थाको चार्ट बनाई आफ्नो कक्षा वा शिक्षक कक्ष वा डायरीमा राख्नुहोस् ।
- विद्यार्थीको नेपाली भाषा र आफ्नो मातृभाषाको स्तर पहिचान गरी अभिलेख राख्नुहोस् ।

## थप क्रियाकलाप

अभिभावकसँग अन्तर्क्रिया गरी बालबालिकाले प्रयोग गर्ने वा सञ्चार तथा अभिव्यक्तिमा सहज मान्ने भाषाको पहिचान गर्न लगाउनुहोस् । बालबालिकालाई उनीहरूले प्रयोग गर्ने भाषामा सिकाइ एवम् अभिव्यक्तिका लागि उत्प्रेरित गर्नुहोस् । विद्यार्थी आफैँ सहपाठी साथीको भाषिक स्थिति पहिचानमा उत्सुक भए उनीहरूलाई सहभागी गराउनुहोस् । विद्यार्थीले एकआपसमा गरेको सञ्चार वा अभिव्यक्तिका आधारमा भाषिक स्थिति पहिचान गर्न लगाउनुहोस् ।

# ४

# उच्चारण

## उद्देश्य

- वर्ण तथा शब्दको उच्चारणमा हुने समस्या पहिचान गर्न
- सही उच्चारण गर्ने सक्षमता विकासका लागि सहयोग गर्न

## सामग्री

तालिका, शब्दपत्ती, श्रव्यदृश्य सामग्री

## क्रियाकलाप

### सुनाइ र प्रतिक्रिया

१. स्थानीय बालगीत, कथा आदि सुनाउनुहोस् । विद्यार्थीलाई गीत एवम् कथा वा रमाइला घटना गाउन वा भन्न लगाउनुहोस् । यस क्रममा पात्र, घटना आदिका बारेमा बोल्न लगाउनुहोस्, छलफल गर्नुहोस् । विद्यार्थीको उच्चारण असहज/फरक लागेमा शिक्षक वा नेपाली मातृभाषी विद्यार्थीबाट उक्त शब्दको उच्चारण गराउनुहोस्, जस्तै :

**म्याउँम्याउँ बिरालो यतातिर आऊ**
**मेरो नाना काटिदिने मुसा मारी खाऊ**


**कराइको दुदु नखाऊ म भोकै हुन्छु**
**धुरुधुरु रुन्छु लात्तीले हान्छु चोर बिरालो भन्छु ।**

x x x

### एउटै वस्तुलाई बुझाउने फरक शब्द

**तक्, कोक्, जा, कान्**
**सबै भात भन्ने जान्**

**हिम्, खिम्, धिम्, छेँ**
**घर भन्ने बुझेँ ।**




## शब्दार्थ

**भात** : तक (लिम्बू), कोक (राई बान्तवा), जा (नेवार), कान् (तामाङ), भात (अवधी र रानाथारू)

**घर** : हिम् (लिम्बू), खिम् (राई बान्तवा), छेँ (नेवार), धिम् (तामाङ), घर (अवधी र रानाथारू)

२. उच्चारण र अनुकरणका क्रममा नेपालीबाहेक अन्य मातृभाषा भएका विद्यार्थीहरूका आफ्नै बालगीत वा बालकविताहरूको उपयोग पनि गर्नुहोस् । यसका साथै पाठ्यपुस्तकमा भएका बालगीत र सन्दर्भहरू पनि सुन्न र भन्न लगाउनुहोस् ।

३. खानेकुरा, पोसाक, फलफूल, गाईवस्तु, बोटबिरुवा आदिका चित्र, श्रव्यदृश्य सामग्री देखाएर सबै भाषाका विद्यार्थीलाई तिनको नाम आफ्नै मातृभाषामा भन्न लगाउनुहोस् । उनीहरूले भनेका शब्दहरूको तालिका बनाउनुहोस्, जस्तै :

| नेपाली | तामाङ | लिम्बू | राई | थारु | नेवार | दुरा | थामी | अवधी | रानाथारू |
|---|---|---|---|---|---|---|---|---|---|
| घर | धिम् | हिम् | खिम् | घर | छेँ | क्यु | नेम् | घर | घर |
| फूल | मेन्दो | फुङ् | फुङ् | फुला | स्वाँ | ङेफु | रेङ | फूल | फुला |
| भात | कान् | तक् | कोक् | कलुवा<br>मिजनी<br>बेरी | जा | भाका | इसा | भात | भात |

विद्यार्थीले माथिका शब्दहरू उच्चारण गर्दा असहज/फरक लागेमा शिक्षक वा सही उच्चारण गर्ने विद्यार्थीबाट उच्चारण गराई अरू विद्यार्थीलाई दोहऱ्याउन लगाउनुहोस् ।

४. शिक्षकले स्थानीय परिवेशका कथा, कविता वा रोचक घटना सुनाउनुहोस् । त्यसबारे विद्यार्थीलाई भन्न लगाउनुहोस् । समय मिलाई आमाबुबा, हजुरआमा, हजुरबुबा वा अभिभावकलाई कक्षामा बोलाएर कथा भन्न वा गीत गाउन लगाउनुहोस् । कथा वा कविता सुनाइसकेपछि त्यसबाट मुख्य मुख्य शब्द टिपोट गर्नुहोस् र शब्दको बोध तथा उच्चारणलाई स्पष्ट पार्न शाब्दिक एवम् शारीरिक क्रियाकलापसमेत प्रदर्शन गर्नुहोस्, जस्तै :

### उच्चारण :

बिलालो - बिरालो


### शाब्दिक अनुकरण :

भुक्भुक्, म्याउँम्याउँ ...

### क्रियात्मक अनुकरण :

ख्वाक्क, टुक्रुक्क, प्याट्ट





यस क्रममा विभिन्न प्राणीहरूका आवाजको अनुकरण नेपाली र अन्य मातृभाषामा कसरी गरिन्छ, भन्न र सुन्न लगाउनुहोस् ।

५. कक्षामा वास्तविक वस्तु ल्याई प्रदर्शन गर्नुहोस् र तिनका नाम भन्न लगाउनुहोस् । विद्यार्थीको उच्चारण सहज नभए तत्काल नमुना उच्चारण गरी (अक्षरीकरणसमेत) सुनाउनुहोस् र यस्ता अभ्यास पटक पटक गराउनुहोस्, जस्तै :

### शब्द अक्षरीकरण

| | |
|---|---|
| भन्याङ | भ.न्याङ् |
| गल्र्याम्म | गर्. ल्याम्. म |

## हेराइ र प्रतिक्रिया

६. कक्षामा चित्र, तालिका, आरेख वा रेखाचित्र प्रस्तुत गरी विद्यार्थीले देखेका कुरा सोध्नुहोस् । उनीहरूले उच्चारण गरेका शब्दको उच्चारण सहज नभएमा सहजीकरण गर्नुहोस् र पुनरावृत्ति अभ्यास गराउनुहोस्, जस्तै :


## (क) चित्र



माथिका जस्ता चित्र प्रदर्शन गरी त्यसका बारेमा आठदशओटा वस्तु वा जीवजन्तुका नाम भन्न लगाउनुहोस् ।

यस क्रममा विद्यार्थीलाई शब्दको उच्चारणमा असहज भए सहजीकरण गर्नुहोस् र विद्यार्थीलाई उसको मातृभाषामा पनि चित्रका विषयवस्तुको नाम भन्न अभिप्रेरित गर्नुहोस् ।

## (ख) आरेख



माथिको आरेख हेर्नुहोस् र नातासम्बन्ध जनाउने शब्द बताउनुहोस् । शब्द प्रयोग गरी त्यसको वर्णन गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई हजुरबुबा, हजुरआमा, बुबा, आमा, काका, काकी, दाजु, भाइ, दिदी, बहिनी जस्ता नातासम्बन्ध जनाउने शब्द बताउनुहोस् । ती शब्दलाई मातृभाषामा पनि भन्न लगाउनुहोस् ।

७. कक्षामा नेपाली मातृभाषा भएका विद्यार्थीसँग नेपाली मातृभाषा नभएका विद्यार्थीलाई उनीहरूको नाम, घर, खानेकुरा आदिका बारेमा प्रश्नोत्तर गराउनुहोस् । उनीहरूले गरेको प्रश्नोत्तर, छलफल आदिको अवलोकन गर्नुहोस् र उक्त संवाद, छलफल आदि असहज भए सहजीकरण गर्नुहोस्, जस्तै :

## प्रश्नोत्तरको नमुना

(क) तपाईँका बुबाको नाम के हो ?

(ख) तपाईँकी आमाको नाम के हो ?

(ग) तपाईँको घर कहाँ छ ?

(घ) तपाईँले आज के के खानुभयो ?

(ङ) तपाईँलाई मन पर्ने खानेकुरा के हो ?

यस्ता प्रश्नोत्तर वा छलफलका क्रममा विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द तथा वाक्यहरूको उच्चारणलाई सहजीकरण गर्नुहोस् ।

## अभ्यास

१. नेपाली भाषामा र आफ्नो मातृभाषामा शब्दभण्डार भिन्न भई उच्चारण असहज भएमा स्थानीय परिवेशको वर्णन गरेर र दृश्यसामग्री प्रयोग गरेर उच्चारण सहजीकरण गर्नुहोस् र पटक पटक अभ्यास गराउनुहोस् ।

उच्चारण असहज हुने युग्म शब्द सुनाई सही उच्चारण अभ्यास गराउनुहोस्, जस्तै :

घर - घार

तप - टप

कृति - कीर्ति

एकार - ऐकार

स्थायी - अस्थायी

बास - बाँस

पानी - बानी

खर - घर

बुद्ध - बुत्त

लेख्छ - लिख्छ

अहिले - आइले

तैँले - तोइले

मैले - मोइले





२. कथ्य र मानक शब्द समूहको उच्चारण गराउनुहोस्, जस्तै :

चैँ - चाहिँ

राख्या - राखेको

सुरेन्दर - सुरेन्द्र

भुइँसी - भैँसी

बाजार - बजार

खान्छुम् - खान्छौँ

मुन्छे - मान्छे

३. विद्यार्थीलाई स्थानीय हाट, मेलापर्व, भोजभतेर, जात्रा, बिहे, व्रतबन्ध आदि सामाजिक कार्यमा सहभागी गराई संवाद र कुराकानी गर्ने अवसर प्रदान गर्नुहोस् । उनीहरूले देखेसुनेका कुरा श्रुतिकथन गर्न, हाउभाउसहित भन्न र वर्णन गर्न लगाई उच्चारणमा असहज भएका शब्दहरूलाई उच्चारण गर्न सहजीकरण गर्नुहोस् ।

४. विद्यार्थीलाई मोबाइलमा रेकर्ड गरिएका वा स्थानीय रेडियोका विभिन्न श्रव्यसामग्री सुनाउनुहोस् । सुनेका कुरा वर्णन गर्न लगाई उच्चारणमा असहज भएमा सहजीकरण गर्नुहोस् । यसै गरी मातृभाषी स्रोत व्यक्ति बोलाई कुनै वर्णन हाउभाउसहित सुनाउन पनि सकिन्छ ।

५. उच्चारण अवयवको सक्रियताका लागि निम्नानुसारका उच्चारणहरू एक्लै, साना साना समूह वा सिङ्गै कक्षालाई उच्चारण गर्ने अभ्यास गराउनुहोस् ।

- तीन टिन तेल
- पाटीमा पाथी, पाथीमा पाती
- काँचो अमला तीन पाथी, पाकेको अमला तीन पाथी

६. विद्यार्थीलाई कुनै सहजीकरण गर्दा वा सूचना दिँदा प्रस्ट र उपयुक्त गतिमा बोल्नुहोस् । यसरी निर्देशन दिँदा शारीरिक हाउभाउको प्रयोग गर्नुहोस् । उच्चारणका क्रममा एउटा शब्दको बिचमा बिराम दिई बोल्नुहोस् ।

७. छोटा छोटा अनुच्छेद, बालकविता, बालगीत र कथाहरू पढ्न लगाउनुहोस् । यसरी पढ्दा विद्यार्थीलाई उच्चारणमा कठिनाइ भएका शब्द, वाक्यहरू ठम्याउनुहोस् र आवश्यकताअनुसार सहजीकरण गर्नुहोस् ।

८. शब्द अन्ताक्षरी खेल खेल्न लगाउनुहोस्, जस्तै :

**कलम - मदन - नहर - रगत ...**

शब्द अन्ताक्षरी खेलका क्रममा शब्दको अन्त्यमा भएका व्यञ्जनलाई नयाँ शब्द बनाउँदा विभिन्न मात्रा लगाएर पनि प्रयोग गर्न दिनुहोस् । यस क्रममा कुनै मातृभाषाको शब्द प्रयोग हुन आए, त्यो पनि स्विकार्नुहोस् ।

९. बिहान, दिउँसो र बेलुका खाएका खाना, गरेका काम र देखेका कुराहरू क्रमशः भन्न लगाउनुहोस् । यस क्रममा अस्ति, हिजो र आज अथवा, आइतबार, सोमबार, मङ्गलबार आदिको समयरेखाको उपयोग गर्नुहोस् । घटना, गतिविधि र वस्तुहरूको वर्णनका क्रममा विद्यार्थीमा कठिनाइ देखा परे सहपाठीलाई उच्चारण गर्न लगाएर सुनाउनुहोस् वा आफैँ उच्चारण गरेर सहजीकरण गर्नुहोस् ।

१०. अन्य मातृभाषा भएका विद्यार्थीले नेपाली उच्चारण गर्दा हुने कठिन क्षेत्रहरू पहिल्याउनुहोस् र ती क्षेत्रका असहजता हटाउन निम्नलिखित प्रक्रिया अवलम्बन गर्नुहोस् :

(क) शब्दपत्ती वा वास्तविक वस्तु देखाउँदै पटक पटक उच्चारण गराउनुहोस् । यसरी उच्चारण गराउँदा उच्चारण अवयवको प्रदर्शन पनि गर्नुहोस् ।

(ख) युग्म शब्दको प्रयोग गर्नुहोस् ।

## अ र आ को उच्चारण अभ्यासका लागि केही युग्म शब्दहरू

| | | |
|---|---|---|
| कर - कार | खर - खार | घर - घार |
| चर - चार | छर - छार | तर - तार |
| थर - थार | दर - दार | धर - धार |
| नर - नार | पर - पार | बर - बार |
| भर - भार | मर - मार | हर - हार |

## ट वर्ग र त वर्गका शब्दहरूको उच्चारण अभ्यासका लागि केही युग्म शब्दहरू

| | | |
|---|---|---|
| ताप - टाप | तातो - टाटो | तितो -ठिटो |
| थारो - ठाडो | तालु - ठालु | ढाडे - डाढे |
| दर - डर | तीन - टिन | तेल - ठेल |
| ढक - धक | तारो - धारो | थैलो - दैलो |

## पञ्चम वर्ण र शिरबिन्दु लागेका शब्दहरूको उच्चारण अभ्यासका लागि केही शब्दहरू

अङ्क, पञ्च, कण्ठ, चन्दा, अम्बा, संसार

शङ्ख, कञ्चन, घन्ट, पन्त, चम्पा, हंश

सङ्घ, चञ्चल, दण्ड, गन्ध, शम्भु, संवाद

भङ्ग, सञ्चार, भण्डार, गन्थन, सम्मान, संयोग

## मौखिक र अनुनासिक (चन्द्रबिन्दु) वर्ण लागेका शब्दहरूको उच्चारण अभ्यासका लागि केही शब्दहरू

| | | |
|---|---|---|
| बास - बाँस | कास - काँस | बसे - बसेँ |
| भाडा - भाँडा | ढाड - ढाँड | दाइ - दाइँ |

## ड र र को उच्चारण अभ्यासका लागि केही युग्म शब्दहरू

| | | |
|---|---|---|
| साडी - सारी | घरेडी - घडेरी | घरी - घडी |

### अल्पप्राण र महाप्राण वर्ण लागेका शब्दको उच्चारण अभ्यासका लागि केही युग्म शब्दहरू

| | | |
|---|---|---|
| कर - खर | गन - घन | तर - थर |
| परर - फरर | बन - भन | चल - छल |
| जार - झार | दाम - धाम | पाली - फाली |
| चाल - छाल | जाल - झाल | काम - खाम |
| ढुङ्गा - डुङ्गा | धान - दान | भाले - बाले |
| घुम्नु - गुम्नु | | |

### अघोष र सघोष वर्ण लागेका शब्दको उच्चारण अभ्यासका लागि केही युग्म शब्दहरू

| | | |
|---|---|---|
| कर - गर | खन - घन | तर - दर |
| चरा - जरा | खात - घात | तास - दास |
| पाली - बाली | फाटो - भाटो | टाम - डाम |

### तल उदाहरणमा दिइए झैँ शब्दको उच्चारण अभ्यासका लागि केही युग्म शब्दहरू

कृति - कीर्ति
श्रुति - सुर्ती

## मूल्याङ्कन

कक्षा शिक्षणका क्रममा विभिन्न प्रतियोगिता र सिर्जनात्मक कार्य गर्न लगाई सिकाइको मूल्याङ्कन गर्नुहोस् ।

कक्षाका विद्यार्थीको अवस्था हेरी अन्य मातृभाषाका विद्यार्थीले नेपाली उच्चारणमा व्यहोर्ने असहजताका केही क्षेत्रका आधारमा पुनः शिक्षणको योजना बनाउनुहोस् र सिकाइमा दक्ष नबनुन्जेल पुनः शिक्षण गर्नुहोस् ।

अ र आ
त वर्ग र ट वर्ग
पञ्चम वर्ण
अनुनासिकता
ड र र
अल्पप्राण र महाप्राण
अघोष र घोष

उल्लिखित क्षेत्र सिकाइका क्रममा हुने त्रुटि क्षेत्रका प्रमुख उदाहरण हुन् । यसर्थ यिनीहरूलाई सिकाइ सहजीकरणका क्रममा बढी जोड दिनुहोस् ।

## पुनर्बलीकरण

विद्यार्थीलाई खाना, नाता, फलफूल, बोटबिरुवा आदि जनाउने शब्दहरू भन्न लगाउनुहोस् । शब्दको उच्चारण (चित्र, चार्ट, भिडियो, फोटो आदि देखाएर) प्रतियोगिता गराउनुहोस् । उच्चारणमा कठिनाइ भए नमुना उच्चारण गरिदिई पुनरावृत्ति अभ्यास गराउनुहोस्, जस्तै :

### नाता सम्बन्ध जनाउने शब्द प्रतियोगिता

| रमा | डोल्मा | पासाङ | रहिम | रामलखन | जन्तलाल | कृतिका | अभय |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

### खानेकुराको नाम भन्ने प्रतियोगिता

| रमा | डोल्मा | पासाङ | रहिम | रामलखन | जन्तलाल | कृतिका | अभय |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

यस अभ्यासका क्रममा हरेक विद्यार्थीलाई नदोहोऱ्याई एक एकओटा खानेकुराको नाम भन्न लगाउनुहोस् । त्यसपछि प्रत्येक विद्यार्थीलाई साथीहरूले भनेका खानेकुराको नामहरू पुनः भन्न लगाउनुहोस् । उच्चारणसम्बद्ध क्रियाकलापमा थप सहयोग गर्नुपर्ने भए पुनः शिक्षण गर्नुहोस् ।



अभ्यासका क्रममा हरेक विद्यार्थीलाई नदोहोऱ्याई एक एकओटा नातासम्बन्ध जनाउने शब्द भन्न लगाउनुहोस् । त्यसपछि प्रत्येक विद्यार्थीलाई साथीहरूले भनेका नातासम्बन्ध जनाउने शब्दहरू पुनः भन्न लगाउनुहोस् । यसरी भन्दा उच्चारणमा सहजीकरण गर्नुपर्ने भए गर्नुहोस् । नातासम्बन्ध शब्द भन्ने प्रतियोगितामा अन्य मातृभाषामा पनि भन्न अभिप्रेरित गर्नुहोस् ।

यसैगरी फलफूल, बोटबिरुवाको नाम भन्ने प्रतियोगिता पनि गराउन सकिन्छ ।

विद्यार्थीले शब्दको उच्चारण गर्दा मातृभाषामा तिनका अर्थ भिन्न भएका कारण बुझाइ फरक हुने भएमा आफ्नो मातृभाषा र नेपाली भाषामा शब्दको उच्चारण र अर्थको तुलना गर्नुहोस्, जस्तै :

**कान** : नेपाली भाषामा शरीरको एक अङ्ग र तामाङ भाषामा भात

**भात** : नेपाली भाषामा खाना र नेवारी भाषामा लोग्ने

**भान्जा** : नेपाली भाषामा दिदीबहिनीका छोरा र दुरा भाषामा हेला

**बा** : नेपाली भाषामा बुबा र मेचे भाषामा पानी

**बाला** : नेपाली भाषामा हातको चुरा वा धानको बाला र मेचे भाषामा बालुवा

## थप क्रियाकलाप

१. निम्नलिखित बुँदाका आधारमा सिकाइ सहजीकरणमा प्रयोग नभएका क्रियाकलापहरू (संवाद, सन्दर्भ सामग्री, इमेल, इन्टरनेटको प्रयोग) खोजी गरी कक्षामा प्रयोग गर्नुहोस् ।

- युग्मकको प्रयोग
- सन्दर्भपरक शब्दहरूको उच्चारण
- श्रव्यदृश्य सामग्रीहरूको प्रयोग
- सस्वरपठन
- भाव भङ्गिमासहितको उच्चारण अभ्यास
- विद्यार्थीको उच्चारणको रेकर्डिङ र पुनः श्रवण
- मातृभाषी र दोस्रो भाषाका रूपमा नेपाली बोल्ने विद्यार्थीबिचमा संवाद/अन्तर्क्रिया
- बालकविता, बालगीत र शब्दखेलहरूको प्रयोग

२. सिकाइ सहजीकरणका क्रममा कक्षामा (यदि भएमा) सुनाइ र बोलाइ समस्या भएका विद्यार्थीलाई हेराइ र गराइसम्बद्ध क्रियाकलाप गराउनुहोस् । यस क्रममा 'शिक्षकले भनेको सुन्नुहोस् र भन्नुहोस्' जस्ता निर्देशनको सट्टा 'सङ्केतद्वारा बुझ्नुहोस् र पढ्नुहोस्' जस्ता निर्देशन दिई क्रियाकलाप गराउनुहोस् । उनीहरूलाई सान्दर्भिक चित्र प्रदर्शन गरी थप क्रियाकलाप गराउनुहोस् ।



# उच्चारणमा समस्या पहिचान

## उद्देश्य

उच्चारणमा समस्याहरूको पहिचान गरी उच्चारणको अभ्यास गर्न

## सामग्री

चित्र, नक्सा, तालिका, कथाको श्रव्यदृश्य सामग्री, कथाका पुस्तक

## क्रियाकलाप

### समस्या पहिचान र अभ्यास

- विद्यार्थीको भाषिक गतिविधिको सूक्ष्म निरीक्षण, अवलोकनमार्फत उनीहरूको उच्चारणगत समस्या पहिचान गर्नुहोस् र त्यस्ता समस्याहरू कुन किसिमका छन्, विश्लेषण गर्नुहोस् ।
- विद्यार्थीलाई निश्चित विषयक्षेत्र (जस्तै : खाना, फलफूल, शरीरका अङ्ग, नातागोता आदि) सँग सम्बन्धित विषयवस्तुमा चित्र प्रदर्शन गर्दै बोल्न लगाउनुहोस् र उच्चारणका समस्याहरूको पहिचान गर्नुहोस् ।



- अ, आ, त वर्ग, ट वर्ग, पञ्चम वर्ण, अनुनासिकता, ड, र; अल्पप्राण, महाप्राण, अघोष, घोष; ऋ, इर; श्र, सर् र अक्षर विभेदीकरण (राख्या, सुरेन्दर ...) आदि कहाँ समस्या छ भन्ने कुरा क्रियाकलाप १ र २ का माध्यमबाट निर्क्योल गर्नुहोस् र त्यसमा आधारित भई अभ्यास गराउनुहोस् ।

## मूल्याङ्कन

सिकाइका क्रममा शब्द उच्चारणमा समस्या भएका शब्द र त्यस्तै अन्य शब्दको सूची बनाउन लगाउनुहोस् । उक्त शब्दसूची कक्षामा टाँसी त्यसको उच्चारण गर्न लगाई सिकाइको मूल्याङ्कन गर्नुहोस् । सिकाइको मूल्याङ्कनका क्रममा शिक्षकबाट मूल्याङ्कन, अभिभावकबाट मूल्याङ्कन, सहपाठीबाट मूल्याङ्कन र स्वमूल्याङ्कनका साधन तथा प्रक्रियाको अवलम्बन गर्नुहोस् ।

## पुनर्बलीकरण

चित्रको प्रयोग तथा स्थलगत अवलोकन भ्रमण गराई सिकाइको पुनर्बलीकरण गर्नुहोस् । यस क्रममा सन्दर्भ तथा परिवेश जनाउने संयुक्त चित्रको उपयोग गर्नुहोस्, जस्तै :



## थप क्रियाकलाप

हेराइ र बोलाइमा समस्या भएका विद्यार्थीलाई विशेष रणनीति बनाई सिकाउनुहोस् । हेराइमा समस्या भएका विद्यार्थीका लागि चित्र वर्णन/ विषय वर्णन/ सन्दर्भ वर्णन गरी सुनाइदिनुहोस् । बोलाइमा समस्या भएका विद्यार्थीका लागि साङ्केतिक भाषा प्रयोग वा लेखाइसम्बद्ध क्रियाकलाप गराउनुहोस् ।

# ५

# संरचना र सङ्गति

## अक्षर/शब्द संरचना

### उद्देश्य

- शब्दमा प्रयुक्त वर्ण पहिचान गरी विभेदीकरण गर्न
- मात्रा नलागेका अक्षरको संरचना पहिचान गर्न
- मात्रा लागेका अक्षरको संरचना पहिचान गर्न

### सामग्री

शब्दपत्ती, वर्णपत्ती, मात्रापत्ती, चित्रपत्ती, वास्तविक सामग्रीहरू



## क्रियाकलाप

### १. वर्ण चिनारी, जोडाइ र छुट्याइ (मात्रा नलागेका शब्दमा)

- विद्यार्थीलाई घर, कलम, खल, कलश र कटहरको चित्रपत्ती देखाउँदै यिनीहरूलाई मातृभाषामा के भनिन्छ भनी सोध्नुहोस् र शैक्षणिक पाटीमा सबै शब्दहरू (कक्षाका विद्यार्थीले प्रयोग गर्ने मातृभाषाका) लेख्नुहोस्, जस्तै : घर (नेपाली), खिम (राई), हिम (लिम्बू), छेँ (नेवार)
- विद्यार्थीलाई एक अक्षरी, दुई अक्षरी र तीन अक्षरी शब्दका शब्दपत्ती (घर, कलम, खल, कलश, कटहर) र ती शब्दमा प्रयुक्त वर्णहरूको अलग अलग पत्तीहरू वितरण गर्नुहोस् ।



- शिक्षकले सिङ्गो शब्द उच्चारण गर्नुहोस् र विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् (कक्षामा प्रयोग हुने भाषाका) ।
- शिक्षकले एक एकओटा गरी (कक्षामा प्रयोग हुने भाषाका) सिङ्गो शब्द उच्चारण गर्नुहोस् र विद्यार्थीलाई सो शब्दमा प्रयुक्त वर्णहरू जोडेर शब्द बनाउन लगाउनुहोस् ।
- विद्यार्थीलाई उनीहरूले बनाएको शब्द पटक पटक उच्चारण गर्न लगाउनुहोस् । उच्चारण सही नभएमा शिक्षकले नमुना उच्चारण गरी अनुवाचन गर्न लगाउनुहोस् । सही उच्चारण गर्ने र नगर्ने विद्यार्थीको समूह बनाई अभ्यास गर्न लगाउनुहोस् र शिक्षकले पृष्ठपोषण गर्नुहोस् ।
- आआफ्नो मातृभाषाका शब्दको अक्षर संरचना र नेपाली शब्दको अक्षर संरचनाबिच तुलना गर्न लगाउनुहोस् ।

### २. वर्ण चिनारी, जोडाइ र छुट्याइ (मात्रा लागेका शब्दमा)

- विद्यार्थीलाई एक अक्षरी, दुई अक्षरी र तीन अक्षरी शब्दका शब्दपत्ती (काठ, खाम, गाम, घाम, तातो, घार, पाल्यो, फाल्यो, गाडी, गाढी, कपडा, सजिलो जस्ता कक्षामा

प्रयोग हुने भाषाका) र ती शब्दमा प्रयुक्त वर्णहरू र मात्राहरूको अलग अलग पत्तीहरू वितरण गर्नुहोस् ।

- शिक्षकले एक एकओटा गरी सिङ्गो शब्द (कक्षामा प्रयोग हुने भाषाका) उच्चारण गर्नुहोस्, वर्ण र मात्रा अलग अलग र जोडेर उच्चारण गर्नुहोस् र विद्यार्थीलाई सँगसँगै उच्चारण गर्न लगाउनुहोस् ।
- शिक्षकले सिङ्गो शब्द (कक्षामा प्रयोग हुने भाषाका) एक एक गरी उच्चारण गर्नुहोस् र विद्यार्थीलाई सो शब्दमा प्रयुक्त वर्णहरू र मात्रा जोडेर शब्द बनाउन लगाउनुहोस् ।
- शिक्षकले सिङ्गो शब्दहरू (कक्षामा प्रयोग हुने भाषाका) शब्दपत्ती देखाउँदै उच्चारण गर्नुहोस् र विद्यार्थीलाई उच्चारणबमोजिम लेख्न लगाउनुहोस् । (काठ, खाम, तातो, पोल्यो)
- सबै मातृभाषाका शब्दमा प्रयुक्त वर्ण र मात्रा विद्यार्थीलाई समूहमा दिनुहोस् (जस्तै : क, ा, ठ) विद्यार्थीलाई शब्द बन्ने गरी क्रममा उभिन लगाउनुहोस् र दोस्रो भाषी विद्यार्थीलाई उच्चारण गर्न लगाउनुहोस् ।
- मातृभाषाका मात्रा लागेका शब्दहरू विद्यार्थीलाई भन्न लगाउनुहोस् र ती शब्दका अक्षर संरचना देखिने गरी शैक्षणिक पाटीमा लेखेर तुलना गर्न लगाउनुहोस् ।
- यी जोडी शब्दहरू (तातो/टाटो, बल/फल, पाल/फाल, तिमी/ठिमी, गर/घर) सँगसँगै उच्चारण गर्नुहोस्, एउटै हो भने ताली बजाउन र फरक हो भने नमस्कार गर्न लगाउनुहोस् ।

## मूल्याङ्कन

नेपाली तथा अन्य मातृभाषामा प्रयोग हुने वर्ण तथा शब्द संरचनाका उदाहरण प्रस्तुत गरी थप उदाहरण भन्न वा लेख्न लगाउनुहोस् । यस क्रममा त्रुटि संशोधन र सहपाठी सिकाइको अवलोकनसमेत गरी वा गर्न लगाई मूल्याङ्कन गर्नुहोस् ।

## निरन्तरता

विद्यार्थीको सिकाइमा आएका सुधार वा उत्साहका आधारमा सिकाइ सहजीकरणलाई निरन्तरता दिनुहोस् । यस्तो अवस्था नआएमा सिकाइ रणनीति परिवर्तन गर्नुहोस् ।

## थप क्रियाकलाप

- माथि प्रयोग भएका शब्दहरूको उच्चारणका अडियो रेकर्ड भए सो प्रयोग गर्नुहोस् ।
- स्थानीय स्तरमा उपलब्ध विभिन्न सामग्रीहरू देखाउँदै ती शब्दको उच्चारण गरी लेख्न लगाउनुहोस् ।

# वाक्य संरचना र सङ्गति

## उद्देश्य

- सङ्गति मिलाई छोटा वाक्य बनाउन
- लिङ्ग, वचन, पुरुष र आदरका आधारमा सङ्गति मिलाई वाक्य बनाउन

## सामग्री

वाक्यपत्ती, चित्रपत्ती, वास्तविक सामग्रीहरू

## क्रियाकलाप

### १. सङ्गति मिलान

- विद्यार्थीलाई वस्तु वा चित्रपत्ती देखाउँदै अनुमान गर्न लगाई छलफल गराउनुहोस् ।



- एक पटकमा एउटा वस्तु वा चित्र (जस्तै : घर, गिलास, किताब, गाई) देखाई यो के हो भनेर प्रश्न सोध्नुहोस् । यसमा विद्यार्थीलाई आआफ्नो मातृभाषामा भन्न लगाउनुहोस् र शिक्षकले टिपोट गर्दै जानुहोस् । (जस्तै : घर, खिम, हिम, छैँ, गाई, गैया, गाय)
- शिक्षकले घरको चित्र देखाएर, 'यो घर हो' भन्ने वाक्य शैक्षणिक पाटीमा लेखेर वाक्यपत्ती देखाउँदै नमुना वाचन गर्नुहोस् र विद्यार्थीलाई सँगसँगै भन्न लगाउनुहोस् । त्यस वाक्यलाई तपाईंको मातृभाषामा के भनिन्छ भनी सोध्नुहोस् र शैक्षणिक पाटीमा लेखेर तुलना गर्न लगाउनुहोस् ।

- शिक्षकले प्रश्नोत्तर अभ्यास गर्न लगाउनुहोस् ।

  शिक्षक : यो के हो ?

  विद्यार्थी : यो घर हो ।

  शिक्षकले विभिन्न प्रकारको घर देखाउने र प्रश्नोत्तर अभ्यास गर्न लगाउनुहोस् ।

  शिक्षक : (सानो घर देखाएर) यो कत्रो घर हो ?

  विद्यार्थी : यो सानो घर हो ।

  शिक्षक : यो कत्रो घर हो ? (ठुलो)

  विद्यार्थी : यो ठुलो घर हो ।

सबै विद्यार्थीलाई सङ्गति मिलाएर शुद्धसँग भन्न लगाउनुहोस् र भन्न नसकेसम्म दोहोऱ्याउन लगाउनुहोस् ।

- शिक्षकले तलका जस्ता वाक्यहरू शैक्षणिक पाटीमा लेख्नुहोस् र पढ्नुहोस् :

  आमा घरमा बस्छ - आदरका आधारमा 'आमा घरमा बस्नुहुन्छ' जस्ता पदावली सच्याएर बोल्न र लेख्न प्रेरित गर्नुहोस् ।

  बुबा घरमा बस्छ - आदरका आधारमा 'बुबा घरमा बस्नुहुन्छ' जस्ता पदावली सच्याएर बोल्न र लेख्न प्रेरित गर्नुहोस् ।

  हामी घरमा बस्छौँ ।

  तँ घरमा बस्छस्/बस्छेस् ।

  म घरमा बस्छु ।

  बहिनी घरमा बस्छे/बस्छिन् ।

  उनीहरू घरमा बस्छन् ।

  भाइ घरमा बस्छ/बस्छन् ।

(यी माथिका वाक्यलाई लिङ्ग, वचन, पुरुष र आदरका आधारमा छुट्टाछुट्टै टेबल बनाउनुहोस् ।)

- यी वाक्यहरूलाई अन्य मातृभाषामा कसरी भनिन्छ भनेर सोध्नुहोस्, उत्तर शैक्षणिक पाटीमा लेख्नुहोस् र फरक फरक उत्तरलाई एकअर्काबिच तुलना गर्न लगाउनुहोस् ।

- हरेक वाक्य शिक्षकले नमुना उच्चारण गर्दै विद्यार्थीलाई सँगसँगै भन्न लगाउनुहोस् । विद्यार्थीले गरेको उच्चारण पहिचान गरी गलत गर्ने विद्यार्थीलाई मात्र उच्चारण गर्न लगाउनुहोस्, जस्तै :

विद्यार्थी : म घरमा बस्छ ।

शिक्षक : "ए तिमीले म घरमा बस्छु भनेको हो ?" ल म सँगसँगै भन त भनी विद्यार्थीलाई अनुकरणात्मक अभ्यास गराउनुहोस् ।

शिक्षक : म घरमा बस्छु ।

विद्यार्थी : म घरमा बस्छु ।

(यो क्रियाकलाप विद्यार्थीले सही तरिकाले नगरेसम्म दोहोऱ्याउनुहोस्)

(अन्य वाक्यका सन्दर्भमा र लिङ्ग, वचन, आदर र पुरुषका आधारमा हुने सङ्गतिमा पनि यस्तै तरिकाले कर्ता र क्रियाका बिचको सङ्गतिको अभ्यास गराउनुहोस् ।)

## थप क्रियाकलाप

(क) सङ्गति मिलेका वाक्यहरूको उच्चारणका अडियो रेकर्ड नमुनाका रूपमा सुनाउनुहोस् ।

(ख) विभिन्न वाक्य दिई सङ्गति मिलाएर भन्न र लेख्न लगाउनुहोस् ।

जस्तै : भाइ घरमा बस्छे ।

भाइ घरमा बस्छ ।

# सङ्गतियुक्त अनुच्छेद संरचना

## उद्देश्य

- चित्र, वस्तु वा घटना वर्णन गर्न
- घटनाक्रमलाई शृङ्खला मिलाई अनुच्छेद लेख्न


## सामग्री

वाक्यपत्ती, चित्रपत्ती, वास्तविक सामग्रीहरू, श्रव्यसामग्री

## क्रियाकलाप

### घटनाक्रम मिलाई अनुच्छेद संरचना

- विद्यार्थीलाई चित्र (जस्तै : कुकुर) देखाउनुहोस् र त्यो के हो भनेर सोध्नुहोस् । सबै विद्यार्थीले भनेका शब्द शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीले मातृभाषामा उत्तर दिएमा उनीहरूले भनेका मातृभाषाका शब्दहरू पनि लेख्नुहोस् । शिक्षकले 'यो कुकुर हो' भन्नुहोस् । त्यो वाक्यलाई अन्य मातृभाषामा के भनिन्छ, छलफल गरेर शैक्षणिक पाटीमा टिप्नुहोस् ।
- शिक्षकले तलको चित्र विद्यार्थीलाई देखाई तलका प्रश्नहरू सोधी छलफल गराउनुहोस्, जस्तै :



- चित्रमा कुन जनावर दिइएको छ ?
- कुकुर कुन रङको छ ?
- कुकुर कहाँ बस्छ ?
- कुकुरलाई मन पर्ने खाना के हो ?
- चित्रमा कुकुरले के गर्दै छ ?

- हामीले कुकुर किन पाल्छौँ ?
- कुकुर तिमीलाई कस्तो लाग्छ ? किन ?


■ विद्यार्थीले भनेका कुराहरू (मातृभाषामा भनेका कुरासमेत) शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र विद्यार्थीलाई ती उत्तरहरूबिच तुलना गर्न लगाउनुहोस् ।

■ शिक्षकले विद्यार्थीलाई शैक्षणिक पाटीमा लेखिएका बुँदाहरूका आधारमा वाक्य बनाउन लगाउनुहोस् र ती वाक्यहरू शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् ।

■ विद्यार्थीलाई ती प्रश्नहरूको उत्तर आउने गरी प्रश्न गर्नुहोस् र विद्यार्थीलाई सोही क्रममा सही उत्तर लेख्न उत्प्रेरित गर्नुहोस् । यदि विद्यार्थीले सही उत्तर नदिएमा शिक्षक स्वयम्ले सहजकर्ताका रूपमा सही उत्तर लेख्नुहोस् ।

■ शिक्षकले उत्तर लेख्दा क्रम मिलाएर लेख्नुहोस् र विद्यार्थीलाई अनुलेखन गर्न लगाउनुहोस् र विद्यार्थीले लेखेको अनुच्छेद परीक्षण गरी उपयुक्त पृष्ठपोषण दिनुहोस् ।

■ विद्यार्थीलाई दुई समूहमा विभाजन गरी प्रश्नोत्तर गर्न लगाउनुहोस् । समूह बनाउँदा मातृभाषी समूहमा जोड दिनुहोस् ।



समूह क : चित्रमा कुन जनावर दिइएको छ ?

समूह ख : चित्रमा कुकुर दिइएको छ ।

समूह क : कुकुर कुन रङको छ ?

समूह ख : कुकुर खैरो छ ।

■ शिक्षकले समूहमा अवलोकन गरी उत्तरहरूमा सङ्गति नमिलेका वाक्यहरू टिपोट गरी समूहकार्य समाप्तिपछि पूर्ण समूहमा छलफल गराउनुहोस् ।

■ दैनिक क्रियाकलापको तल दिइएका चित्रका आधारमा एउटा अनुच्छेद भन्न र लेख्न लगाउनुहोस् ।








- शिक्षकले चित्रमा भएकी बालिका पेमा हुन् भनी बताउनुहोस् । चित्रमा पेमाले के गर्दै छिन्, एक एक गरी प्रश्न सोध्नुहोस् र छलफल गराउनुहोस् ।
- छलफल गरेका कुरा नेपाली भाषामा र आआफ्ना मातृभाषामा भन्न लगाउनुहोस् ।
- पेमाले गर्ने काम क्रममा राख्नका लागि छलफल गराउनुहोस् र टिपोट गर्दै जानुहोस् ।
- अब हरेक चित्रका आधारमा क्रमशः एक एक वाक्य लेखी अनुच्छेद तयार पार्न लगाउनुहोस् । शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

## थप क्रियाकलाप

- चित्र वर्णनमार्फत अनुच्छेद लेखन गराउँदा स्थानीय परिवेशअनुसारका अन्य क्रियाकलापहरू पनि गराउन सकिन्छ ।
- तयार भएको अनुच्छेद उपयुक्त शैली र गतिमा वाचन गरी रेकर्ड गर्नुहोस् र विद्यार्थीलाई सुनाई सोहीबमोजिम अनुकरण गर्न लगाउनुहोस् ।

# ६

# बोध

## दृश्यबोध, श्रुतिबोध, श्रुतिवर्णन र श्रुतिरचना

### उद्देश्य

- देखेसुनेका आधारमा अर्थबोध र भावबोध गरी अभिव्यक्त गर्न
- निर्देशन सुनेर पालना गर्न

### सामग्री

वाक्यपत्ती, बजारको चित्र, श्रव्यदृश्य सामग्री, कथा चार्ट, वास्तविक सामग्रीहरू

### क्रियाकलाप

#### १. चित्र वर्णन

- शिक्षकले विद्यार्थीलाई चित्र (बजारको चित्र) देखाउनुहोस् र निम्नलिखित प्रश्नहरू सोधी छलफल गर्नुहोस् :
  - बजारमा के के रहेछन् ?
  - बजारमा के केका पसलहरू छन् ?
  - बजारमा मानिसहरू के गरिरहेका छन् ?
  - तपाईं बजार जाने गर्नुभएको छ ?
  - तपाईं बजारमा गएर के गर्नुहुन्छ ?

विद्यार्थीले दिएका उत्तर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र नेपाली भाषामा व्यक्त गर्न नसक्ने विद्यार्थीलाई आफ्नो मातृभाषामा उत्तर दिन प्रेरित गर्नुहोस् र सो कुरा पनि शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीको समूह बनाई उत्तरहरू तुलना गर्न लगाउनुहोस् ।



- विद्यार्थीलाई मौखिक रूपमा चित्रमा देखिएका कुरा वर्णन गर्न लगाउनुहोस् (कम्तीमा दुईपटक) ।
- शिक्षकले चित्र वर्णन गर्नुहोस् र विद्यार्थीलाई चित्र हेरी सुन्न लगाउनुहोस् ।
- शिक्षकले विद्यार्थीलाई पालैपालो चित्र वर्णन गर्न लगाउनुहोस् । आफ्नो मातृभाषामा वर्णन गर्न उत्प्रेरित गर्नुहोस् ।
- शिक्षकले दिइएको चित्र वर्णनका लागि आवश्यक पर्ने मुख्य शब्दहरू शैक्षणिक पाटीमा लेख्नुहोस् र विद्यार्थीलाई लिखित रूपमा चित्र वर्णन गर्न लगाउनुहोस् ।
- विद्यार्थीलाई समूहमा बस्न लगाई एकअर्काको वर्णन पढ्न र सुन्न लगाउनुहोस् । समूहकार्य गर्दा शिक्षकले विद्यार्थीले व्यक्त गरेका त्रुटिहरू टिपोट गर्नुहोस् र समूहकार्यको अन्त्यमा पूर्ण समूहमा त्रुटिहरूका सम्बन्धमा छलफल गराउनुहोस् ।

## २. श्रुतिबोध र श्रुतिवर्णन

- शिक्षकले तलको पाठ पढेर सुनाउनुहोस् र विद्यार्थीलाई पाठ सुन्न उत्प्रेरित गर्नुहोस्, जस्तै :

**(म ऐनाअगाडि उभिएँ । मैले नाक देखेँ । कान देखेँ । आँखा देखेँ । निधार देखेँ । गाला देखेँ । ओठ देखेँ । दाँत पनि देखेँ । चिउँडो देखेँ । सबै जोडिएर बसे । आहा ! मेरो अनुहार !)**

- विद्यार्थीको श्रुतिबोध परीक्षणका लागि तलका प्रश्नहरू सोध्नुहोस् :
  - ऐनाअगाडि को उभियो ?
  - ऐनामा के के देखिए ?
  - अनुहार राम्रो थियो ?

विद्यार्थीलाई उत्तर दिन उत्प्रेरित गर्नुहोस् र शिक्षकले उत्तरहरू शैक्षणिक पाटीमा टिपोट गरेर शब्द र वाक्य संरचनाहरू तुलना गर्न लगाउनुहोस् र मातृभाषाहरूका फरकपनाका बारेमा छलफल गराउनुहोस् ।

- विद्यार्थीलाई एउटा छोटो कथा सुनाउनुहोस् । कथा सुन्न उत्प्रेरित गर्नुहोस् र विद्यार्थीलाई एकआपसमा सो कथा आफ्नै भाषामा भन्न लगाउनुहोस् । विद्यार्थीले कथा भनिरहँदा गरेका गलत उच्चारणहरू र गलत संरचनाहरू टिपोट गरी पूर्ण कक्षामा छलफल गराउनुहोस् ।

## ३. श्रुतिरचना

- शिक्षकले विद्यार्थीलाई यो कथा उपयुक्त गति, यति र हाउभाउसहित पढेर सुनाउनुहोस् :

**बाँदर, बिरालो र बाख्रा घुम्न गए । उनीहरूले बाजा बोकेका थिए । बाख्राले मादल बजायो । बिरालाले गीत गायो । बाँदर फनफन घुम्दै नाच्यो । उनीहरूले आफ्नै बारीको तरकारी लगेका थिए । पानीको बोतल पनि लगेका थिए । उनीहरूले खाजा खाए । पानी पनि पिए । सबै रमाए ।**

- शिक्षकले विद्यार्थीलाई निम्नलिखित प्रश्नहरू दोस्रो भाषी विद्यार्थीलाई जोड दिएर प्रश्नोत्तर र छलफल गराउनुहोस् :
  - बाँदर र बिरालासँग को घुम्न गयो ?
  - उनीहरूले के के लगेका थिए ?
  - बाँदर कसरी नाच्यो ?
  - उनीहरूले के के खाए ?

उत्तरका मुख्य शब्दहरू (बाख्रो, बाजा, मादल, तरकारी, बोतल, फनफन घुम्दै खाजा तरकारी,

पानी) शैक्षणिक पाटीमा लेख्नुहोस् र ती शब्दहरूको आआफ्ना मातृभाषाका समानार्थी शब्द भन्न लगाई टिपोट गर्नुहोस् ।

- विद्यार्थीलाई यी शब्दहरू प्रयोग गरी कथा सुनाउनुहोस् र पुनः भन्न (पुर्नकथन गर्न) उत्प्रेरित गर्नुहोस् ।
- विद्यार्थीलाई पाँचओटा वाक्य भएको एउटा छोटो कथा दिनुहोस् । (एउटा वाक्यको एउटा वाक्यपत्ती हुने गरी) । समूहमा छलफल गरी कथाका वाक्य उपयुक्त क्रममा राख्न लगाउनुहोस् । सबै विद्यार्थीलाई सोही कथा लेख्न लगाउनुहोस् । आफ्नो मातृभाषामा लेख्न पनि उत्प्रेरित गर्नुहोस् । विद्यार्थीलाई कठिनाइ भएको पाइएमा समूहमा छलफल गराउनुहोस् ।

## थप क्रियाकलाप

स्थानीय स्तरमा आफ्नो मातृभाषामा प्रचलित कथा विद्यार्थीलाई भन्न लगाई सबै विद्यार्थीलाई सुनाउनुहोस् । उपलब्ध भएसम्म रेकर्ड गरिएका कथा पनि सुनाइ बोध र श्रुतिवर्णनका क्रियाकलाप गराउनुहोस् ।

# घटना तथा परिवेश बोध

## उद्देश्य

- गति र यति मिलाई सस्वर पठन गर्न
- पाठमा प्रयुक्त घटना, परिवेश र संरचना बोध गरी अभिव्यक्त गर्न
- पाठका आधारमा भाव बोध गर्न र सार बताउन

## सामग्री

कथा लेखिएको चार्ट, कविता लेखिएको चार्ट

## क्रियाकलाप

### १. सस्वर पठन र शब्द बोध

- शिक्षकले तलको कथा गति, यति मिलाई सस्वर वाचन गरेर सुनाउनुहोस् । विद्यार्थीलाई सुन्न उत्प्रेरित गर्नुहोस् । (विद्यार्थीले कथामा प्रयोग भएका आफूलाई नयाँ लाग्ने शब्द देखाउँदै जान्छन्) :

**आकाशमा इन्द्रेनी !**



अमर इनारछेउ गए । इनारमा इन्द्रेनी देखे । उनले इलालाई बोलाए । इला पनि इनारछेउ गइन् । इनार गहिरो थियो । इनारमा पानी थियो । पानीमा अमर र इलाको छाया देखियो । इनारमा आकाश देखियो । आहा ! आकाशमा त इन्द्रेनी पो रहेछ !

- विद्यार्थीलाई समूहमा विभाजन (मिश्रित मातृभाषी समूह) गरी समूहगत रूपमा सस्वर वाचन गर्न लगाउनुहोस् । एउटा समूहले गरेको पठन अर्को समूहलाई मूल्याङ्कन गर्न लगाउनुहोस् ।
- शिक्षकले यी शब्दहरू (इनार, नाच्दै, पानी, छाया, आकाश, इन्द्रेनी) शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीलाई ती शब्द बुझाउने आआफ्नो मातृभाषाका शब्द पनि भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा लेख्नुहोस् । ती शब्दहरूलाई एक एक गरी उच्चारण गर्न लगाउनुहोस् र छोटा वाक्य बनाउन लगाई प्रशस्त अभ्यास गराउनुहोस् ।
- विद्यार्थीले बनाएका वाक्य एकआपसमा छलफल गर्न लगाई गल्ती सच्याउन लगाउनुहोस् । यो क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

## २. घटना, परिवेश र संरचना बोध

- विद्यार्थीलाई आफूले देखेका, सुनेका र अनुभव गरेका घटना समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा विद्यार्थीले मातृभाषा प्रयोग गर्न चाहे त्यसलाई पनि अनुमति दिनुहोस् ।
- प्रत्येक समूहलाई उनीहरूले छलफल गरेका घटना भन्न लगाउनुहोस् ।
- शिक्षकले कुनै एउटा घटना छनोट गरी मुख्य बुँदाहरू (घटनाक्रम समेट्ने) टिपोट गर्नुहोस् ।
- विद्यार्थीलाई ती घटनाहरू व्यक्तिगत र सामूहिक रूपमा क्रममा राख्न लगाउनुहोस् ।
- विद्यार्थीलाई घटनाक्रमको सिलसिलेवार वर्णन गर्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीलाई आवश्यकताअनुसार व्यक्तिगत रूपमा सहयोग गर्नुहोस् ।
- शिक्षकले तलको कथा नमुना वाचन गरेर सुनाउनुहोस् । विद्यार्थीलाई सुन्न उत्प्रेरित गर्नुहोस् र फरक मातृभाषी विद्यार्थीलाई कथाका मुख्य शब्दहरू उनीहरूको भाषामा समेत बताउनुहोस् ।

**सपनामा सडक देखियो । सडकमा साइकल भेटियो । सागर साइकलमा गयो । सपना सकियो । सडक, साइकल र सागर सबै हराए । हरि र हुलाकी आए । हुलाकीले मही खाए । हुलाकी गए । हरि र क्षितिज बसे । क्षितिज कक्षामा गए । कक्षामा साथीहरू थिए । साथीहरू हँसिला थिए । सबै खुसी भए ।**

यो कथामा भएका मुख्य शब्दहरू (हुलाकी, मही, सपना, हँसिला, खुसी) शैक्षणिक पाटीमा टिपोट गरी अन्य मातृभाषामा ती शब्दका समानान्तर शब्दहरू सोधी छलफल गराउनुहोस् ।

- शिक्षकले विद्यार्थीलाई कथामा आधारित परिवेशगत बोध प्रश्नहरू सोध्नुहोस् :

  - सपनामा के के देखियो ?
  - हुलाकीले किन मही खाए ?
  - कक्षाका साथीहरू कस्ता थिए ?

- विद्यार्थीले दिएका उत्तरहरूका सम्बन्धमा पाठको सन्दर्भ लिएर छलफल गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

- शिक्षकले कथा चार्टमा हेरेर कथामा प्रयोग भएका वाक्यको सङ्ख्या गन्न लगाउनुहोस् ।

- शिक्षकले कथाको 'सागर मोटरमा गयो' भन्ने वाक्य शैक्षणिक पाटीमा लेख्नुहोस् र सो वाक्यमा भएका शब्द सङ्ख्या गन्न लगाउनुहोस् । शब्दभित्रका अक्षर गणना गर्ने तरिका प्रदर्शन गर्नुहोस् :

  **सागर । मोटरमा । गयो**
  **सा । गर् । मो । टर् । मा । ग । यो**

## ३. भाव बोध र सार लेखन

- शिक्षकले तलको कविता गति, यति र लय मिलाएर हाउभाउसहित गाउनुहोस् र विद्यार्थीलाई सुन्न अभिप्रेरित गर्नुहोस् ।

**बालबालिका**
**आशा भोलिका**
**आज कोपिला**
**फूल भोलिका**

**तिमी ज्ञान हौ**
**तिमी ध्यान हौ**
**भोलि देशका**
**स्वाभिमान हौ**

- शिक्षकले पुनः गाएर विद्यार्थीलाई पनि सँगसँगै अनुवाचन गर्न लगाउनुहोस् । विद्यार्थीलाई सानो सानो समूहमा वाचन गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

- शिक्षकले कवितामा भएका शब्दहरू (कोपिला, ज्ञान, ध्यान, स्वाभिमान) शैक्षणिक पाटीमा लेख्नुहोस् । अर्थ (वास्तविक वस्तु, शब्दार्थपत्ती, व्याख्या प्रयोग गरेर) समेत बताउनुहोस् ।

- शिक्षकले कवितामा आधारित भएर तलका झैँ भाव बोध गर्ने खालका प्रश्नहरू सोध्नुहोस् र छलफल गराउनुहोस् ।

  - बालबालिका भोलिका के हुन् ?

  - कोपिला बढेर के बन्छन् ?

  - तपाईं ठुलो भएर के बन्नुहुन्छ ?

- विद्यार्थीले दिएको उत्तर शैक्षणिक पाटीमा लेख्नुहोस्, गलत उत्तर आएमा शिक्षकले सहजीकरण गर्नुहोस् ।

## थप क्रियाकलाप

नेपाली मातृभाषी र अन्य मातृभाषी विद्यार्थीको मिश्रित समूह निर्माण गरी माथिको पाठलाई पुनर्कथन गरी मौखिक र लिखित अभ्यास लगाउनुहोस् ।

# ७

# पठन प्रवाह

## उद्देश्य


निर्धारित पाठ गति, यति मिलाएर हाउभाउसहित शुद्धसँग पढ्न

## सामग्री

कथा लेखिएको चार्ट, कविता लेखिएको चार्ट, शब्दपत्ती, शब्दसँग सम्बन्धित चित्रहरू

## क्रियाकलाप

- दिएको पाठ नमुना पठन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई आफूसँगै दोहोऱ्याउन लगाउनुहोस् । पढ्ने क्रममा विद्यार्थीलाई शब्द र वाक्यलाई औँला वा पेन्सिलले देखाउँदै पढ्न लगाउनुहोस् । विद्यार्थीले पढ्न सके कि सकेनन् भन्ने कुरामा ध्यान दिनुहोस्, जस्तै :



**कछुवा जिल्ल पर्‍यो**

**कछुवा र खरायो दौडँदै थिए । कछुवा खरायोभन्दा अगाडि थियो । ऊ अझै छिटो छिटो दौडँदै थियो । उसले कमिलाको गोलो कुल्चिएछ । कमिलाहरू गोलाबाट बाहिर आएर कछुवाको बाटो छेके । "तिमीले हाम्रो गोलो भत्काइदियौ । तिमीले माफ माग्नुपर्छ ।" कमिलाले भने । "मलाई माफ गर ।" कछुवाले भन्यो । "ल माफ त गर्छौं । तिमीले दौड चाहिँ हार्‍यौ ।" एउटा कमिलाले खरायोलाई देखाउँदै भन्यो । खरायो दौडेर पुगिसकेको थियो । कछुवा जिल्ल पर्‍यो ।**

- नयाँ शब्दहरू टिपोट गर्नुहोस् । शैक्षणिक पाटी वा शब्दपत्तीमा देखाउनुहोस् । उच्चारण गर्न लगाउनुहोस्, उच्चारण गर्न गाह्रो भएका शब्दहरू दोहोर्‍याएर भन्न लगाउनुहोस् ।
- शब्दहरूको अर्थ बताइदिनुहोस् । विद्यार्थीको मातृभाषामा प्रयोग गरिने शब्दहरू विद्यार्थीबाट सङ्कलन गर्नुहोस् र दाँज्न लगाउनुहोस् । दुवै शब्दहरूलाई उच्चारण गर्न लगाउनुहोस् ।
- दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थीलाई अगाडि आएर पढ्न लगाउनुहोस् । तर जबरजस्ती नगर्नुहोस्, ध्यान दिएर सुन्नुहोस् र अप्ठेरो परेको ठाउँमा पृष्ठपोषण दिनुहोस् ।
- विद्यार्थीलाई आवश्यकताअनुसार जोडीमा, समूह पढाइमा र सस्वर पढाइमा सहभागी गर्नुहोस् ।

## थप क्रियाकलाप

- विद्याथीलाई साना समूहमा पाठ पढ्न लगाउनुहोस् । अगाडि बोलाएर पाठका अंशहरू आलोपालो पढ्न लगाउन पनि  सकिन्छ ।
- शिक्षकले दोस्रो भाषी विद्यार्थीसँग सँगसँगै पढ्नुहोस् ।
- रेकर्ड गरिएको पाठ छ भने सुनाउनुहोस् ।

# ८

# अभिव्यक्ति

## उद्देश्य

- सञ्चारका क्रममा आफ्नो मातृभाषाको उपयोग गर्न
- मातृभाषाको सहयोग लिँदै नेपाली भाषामा कुराकानी गर्ने अभ्यास गर्न

## सामग्री

चित्र, श्रव्यदृश्य सामग्री

## क्रियाकलाप

### (क) अवलोकन र प्रतिक्रिया

कुनै शीर्षक वा विषयमा केन्द्रित भई साथी शिक्षकको सहयोगमा कुराकानी गर्दै नमुना प्रस्तुत गर्नुहोस् र विद्यार्थीको प्रतिक्रिया अवलोकन गर्नुहोस्, जस्तै :

शीर्षक वा विषय : म र मेरो परिवार ।

यस क्रममा तलको जस्तै चित्र प्रदर्शन गरी कुराकानीलाई जीवन्त बनाउनुहोस् :



## (ख) अभ्यास

विद्यार्थीलाई आआफ्नो मातृभाषा बोल्ने साथीको जोडीमा बस्न लगाउनुहोस् । त्यसपछि शिक्षकले नमुना प्रस्तुत गरेको शीर्षक तथा विषयमा आफ्नै मातृभाषामा कुराकानी गर्न लगाउनुहोस् । यदि पुरै कक्षामा एउटा विद्यार्थी मात्र फरक मातृभाषाको भए शिक्षक र सो विद्यार्थीको जोडी बनाई कुराकानी गर्नुहोस् । शिक्षक मात्र फरक मातृभाषी भए विद्यार्थीलाई नै साथी शिक्षक बनाउनुहोस् ।

## (ग) लेखाजोखा

विद्यार्थीलाई साना समूहमा बाँड्नुहोस् । त्यसपछि एउटा समूहमा रहेका विद्यार्थीलाई आपसमा कुराकानी गर्न र अर्को समूहका विद्यार्थीलाई त्यसको श्रवण तथा अवलोकन गरी प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् । विद्यार्थीका प्रतिक्रियालाई सकारात्मक सन्देशयुक्त बनाउन सहयोग गर्नुहोस्, जस्तै :

| | |
|---|---|
| उहाँले भनेको मिलेन । | उहाँले यस्तो भन्नुभयो । म .... भन्छु । उहाँले भनेको सही हो र ? |
| उहाँलाई त आउँदो रहेनछ । | उहाँले किन भन्न नसक्नुभएको होला ? अब उहाँलाई कसले सिकाउने ? उहाँले घरमा पनि सिक्न सक्नुहुन्छ ? |

## (घ) पुनर्बलीकरण

भिन्न मातृभाषी विद्यार्थीलाई नेपाली मातृभाषी विद्यार्थीसँग साना साना समूह बनाई नेपाली भाषामा कुराकानी गर्न उत्प्रेरित गर्नुहोस् । एकभाषी कक्षा भए नेपाली भाषामा कुराकानी गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा कुनै विद्यार्थीलाई सञ्चार तथा अभिव्यक्ति गर्न कठिनाइ आइपरे शिक्षकले सहयोग गर्नुहोस् । शिक्षकले सहयोग गर्दा सम्बन्धित भाषाका उदाहरण प्रस्तुत गर्दै शैली अनुकरण, अभिनय, शब्दोच्चारण तथा कथनसम्बद्ध अभ्यास गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| (अ) मोरिक् घरेम् चार जाने बटाँ | (डँगौरा थारु) |
| (आ) जिगु अजि जिता बाखँ नेनि | (नेवारी) |
| (इ) हमरे घरे अम्मा हीं । | (अवधी) |
| (ई) हम कुर्तापैजामा लगैने छी । | (मैथिली) |
| (उ) मोर भाइ स्यान्ख आछ । | (माझी) |

## (ङ) पुनः अभ्यास (श्रवण र अवलोकन)

भिन्न मातृभाषी विद्यार्थीलाई विषयवस्तुको प्रस्तुतिमा कठिनाइ आइपरेमा विषयवस्तुसँग सम्बन्धित चित्र र आपसमा कुराकानी गरिरहेका श्रव्यदृश्य सामग्रीको उपयोग गर्नुहोस्, जस्तै :



एक समूहमा यस्तो अभ्यास भइरहँदा अर्को समूहलाई श्रवण र अवलोकन गर्न लगाउनुहोस् ।

## (च) निरन्तरता

कुराकानीका क्रममा एउटै शब्द विभिन्न भाषामा दिने फरक फरक अर्थले सम्प्रेषणमा कठिनाइ परे शिक्षकले सहयोग गरी नेपाली भाषाको अर्थबोध र प्रयोगसम्बन्धी अवधारणा दिई कुराकानीलाई सुचारु बनाउनुहोस्, जस्तै :

| | | |
|---|---|---|
| नाना - लुगा : बालबोली | हजुरबुबा : भोजपुरी | दिदीबहिनी : तामाङ भाषा |
| दादा - दाजु : कथ्य प्रयोग (नेपाली) | हजुरबुबा : भोजपुरी (भोजपुरी) | |

उल्लिखित क्रियाकलापहरू सम्पादन गर्दा सबैभन्दा पहिले कथ्य भाषा र विद्यार्थीको मातृभाषाको उपयोगलाई प्राथमिकता दिनुहोस् । त्यसपछि नेपाली मानक भाषाको उपयोग गर्दै मौखिक वर्णन गर्न लगाउनुहोस् र मौखिक वर्णनमा अभ्यस्त भएपछि लिखित अभिव्यक्ति दिन लगाउनुहोस् । लिखित अभिव्यक्ति दिँदा निम्नानुसारका प्रक्रिया अवलम्बन गर्नुहोस् :

(क) कुराकानीका क्रममा प्रस्तुत भएको फरक मातृभाषा र उच्चारण विभेद हुने गरेका शब्द पहिचान गरी टिपोट गर्नुहोस् । टिपोट गरेका शब्दमध्ये भिन्न उच्चारण हुने गरेका शब्दलाई कथ्य मानकअनुसार प्रस्तुत गरेको पाइएमा मानक नेपालीको हिज्जे अनुसरण गर्न सहयोग गर्नुहोस्,

| | | |
|---|---|---|
| जस्तै : | मुइले | मैले |
| | सुरेन्दर | सुरेन्द्र |
| | गर्चन् | गर्छन् |
| | रुखाँ | रुखमा |
| | पड्छु | पढ्छु |
| | आब | अब |

(ख) कुराकानीका क्रममा फरक मातृभाषाको प्रयोग गरेका पाइएमा ती शब्दबाट शब्दपत्ती तथा वाक्यपत्ती बनाई देखाउन लगाउनुहोस् । त्यसपछि त्यसलाई नेपाली भाषामा अनुवाद गर्नुहोस् र कुराकानीलाई निरन्तरता दिनुहोस्, जस्तै :

| | |
|---|---|
| मोरिक् घरेम् चार जाने बटाँ (डँगौरा थारु) | मेरो घरमा चार जना छन् । |
| जिगु अजि जिता बाखँ नेनि (नेवारी) | मेरी हजुरआमाले मलाई कथा सुनाउनुहुन्छ । |
| हमरे घरे अम्मा हीँ । (अवधी) | मेरो घरमा आमा हुनुहुन्छ । |
| उङ पो अकम् बि ख्युरुयु ग्यो । (खालिङ राई) | मेरो घरमा जाँतो छ । |
| हम कुर्तापैजामा लगैने छी । (मैथिली) | म कुर्तासुरुवाल लगाउँछु । |
| मोर भाइ स्यान्ख आछ । (माझी) | मेरो भाइ सानो छ । |

(ग) कुराकानीमा प्रस्तुत भएका वाक्यलाई संवादात्मक पाठका रूपमा लिखित अभिव्यक्ति दिन लगाउनुहोस् । यसमा विद्यार्थी अलमलिए भने तलको जस्तै चित्र प्रदर्शन गर्दै प्रश्न सोधी उत्तर दिँदै छलफल गर्न लगाउनुहोस्, जस्तै :



शिक्षक : चित्रको छेउमा के छ ?
विद्यार्थी : चित्रको छेउमा धारो छ ।
शिक्षक : केमा पानी थापिएको छ ?
विद्यार्थी : गाग्रीमा पानी थापिएको छ ।
शिक्षक : को को खेल्दै छन् ?...

# अभिव्यक्ति : चित्रवर्णन

## उद्देश्य

- चित्रको उपयोग गरी निर्धारित विषयलाई अभिव्यक्त गर्न
- चित्रको उपयोग गरी अनुमान र तुलना गर्न

## सामग्री

चित्रपत्ती, अन्य सान्दर्भिक चित्र, पोस्टर, पम्प्लेट, तालिका, नक्सा, बारग्राफ, श्रव्यदृश्य सामग्री, शब्दविहीन चित्रकथा, चित्रकथा

## क्रियाकलाप

### (क) नाम पहिचान

शिक्षकले त्यस दिनमा शिक्षण गर्ने पाठको विषयवस्तुसँग सान्दर्भिक हुने शब्दसूची, शब्दपत्ती तथा विषयवस्तुमा आधारित चित्रपत्ती, अन्य सान्दर्भिक चित्र, पोस्टर, पम्प्लेट, तालिका, नक्सा, बारग्राफमध्ये कुनै एक सामग्री प्रदर्शन गरी त्यसका नाम आफ्नो मातृभाषामा पनि भन्न लगाउनुहोस् ।

### (ख) चित्र निर्माण

कक्षामा रहेका भिन्न भिन्न मातृभाषी विद्यार्थीले प्रयोग गर्ने शब्द भनी त्यसको चित्र निर्माण गर्न लगाउनुहोस् । विद्यार्थीले बनाएका चित्र वा मुद्रित चित्र प्रदर्शन गरी एउटै चित्रलाई एकअर्काको भाषामा प्रयोग हुने शब्द भन्न लगाउनुहोस् । त्यसबाट एउटै वस्तु वा चित्रलाई भिन्न भाषामा के भनिँदोरहेछ भनी तुलना, अर्थगत भिन्नता र सन्दर्भगत प्रयोग गर्न लगाउनुहोस् ।

### (ग) शब्द सङ्कलन र भण्डारण

विद्यार्थीलाई नेपाली भाषामा चित्रको नाम भन्न कठिनाइ आइपरे नेपाली मातृभाषी तथा अन्य मातृभाषीको समूहमा बस्न लगाई चित्र चिन्ने र नाम भन्ने अभ्यास गराउनुहोस् । यस क्रममा सम्बन्धित शीर्षक वा विषयक्षेत्रका शब्द सङ्कलन, त्यसका आधारमा शब्द पहिचान गर्ने खेल खेलाउनुहोस्, जस्तै : कुर्सी दौड (म्युजिकल चियर)

पाठसँग सम्बन्धित चित्रपत्तीलाई गोलो घेरामा राख्नुहोस् । हरेक चित्रपत्ती पछाडि विद्यार्थीलाई उभिन लगाउनुहोस् । उभिएका विद्यार्थीलाई सङ्गीतको तालका आधारमा कुर्सी दौड गर्न लगाउनुहोस् । ताल रोकी विद्यार्थी जहाँ रोकिएको छ सो चित्रको नाम भन्न लगाउनुहोस् । सबैले नाम भनेमा दायाँबायाँका साथी उभिएको चित्रको नाम भन्न लगाउनुहोस् । यस क्रममा विद्यार्थी नेपाली भाषामा नाम भन्न नसकेमा आफ्नो मातृभाषामा नै नाम भन्न उत्प्रेरित गर्नुहोस् र नेपाली भाषाको शब्द सुनाई चित्रअनुसारको नाम भन्ने अवसर पटक पटक दिनुहोस् ।

## (घ) पूर्वानुमान, अनुमान तथा तुलना

विभिन्न परिवेश जनाउने चित्र, शब्दविहीन चित्रकथा, दृश्यसामग्री, वास्तविक वस्तुलगायत प्रदर्शन गरी पूर्वानुमान, अनुमान तथा तुलना गर्नुहोस् लगाउनुहोस्, जस्तै :





(अ) योभन्दा पहिला के के भयो होला ?

(आ) यसपछि के हुन्छ होला ?

नेपालीभन्दा भिन्न मातृभाषी विद्यार्थीलाई आफ्नो मातृभाषामा प्रस्तुति गर्ने अवसर प्रदान गर्नुहोस् । नेपाली मातृभाषी विद्यार्थीको प्रस्तुति अवलोकन तथा श्रवण गर्न लगाई आफ्नो र नेपाली मातृभाषी विद्यार्थीको प्रस्तुतिको तुलना गर्न लगाउनुहोस् । त्यसपछि प्रदर्शन गरे जस्तै अर्को चित्र देखाई ती दुई चित्रबिचको भिन्न पहिचान गरी प्रस्तुत गर्न लगाउनुहोस् ।

## (ङ) कथाकथन, श्रवण र निर्माण

कक्षामा पाठसँग सम्बन्धित शब्दविहीन चित्रकथा प्रदर्शन गरी तथा चित्रकथा प्रस्तुत गरी कथाकथन र श्रवणको नमुना प्रस्तुत गर्नुहोस्, जस्तै :



त्यसपछि शिक्षक र विद्यार्थीले उक्त सामग्री उपयोग गर्दै सँगैसँगै कथा भन्ने अभ्यास गराउनुहोस् । यस क्रममा कुनै विद्यार्थीमा समस्या देखा परे कथांश मात्र भन्ने अवसर दिई कथाको सिलसिला वर्णन गर्दै कथा निर्माण गर्नुहोस् तथा गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले प्रयोग गरेका मातृभाषाका शब्द तथा वाक्यलाई नेपाली भाषाको उपयोग गर्दै पुनर्कथन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई स्वतन्त्र रूपमा कथा भन्न उत्प्रेरित गर्नुहोस् ।


## (च) पुनर्बलीकरण र थप अभ्यास


अभिव्यक्तिमा समस्या भएका विद्यार्थीलाई अर्को चित्र वा चित्रकथा दिई कथा निर्माण गरी भन्न लगाउनुहोस् । त्यसपछि कथा भन्दै गर्दा नै सुधारका क्षेत्र पहिचान गर्दै सुधारात्मक सिकाइ गर्ने अवसर प्रदान गर्नुहोस्, जस्तै : विषयवस्तुको पूर्णतापूर्ण प्रस्तुति, पात्र र कार्य पहिचान तथा निरन्तता, सहज वा स्वाभाविक शैली, ... । यसका लागि जोडी वा सानो समूहमा थप अभ्यास गर्नुहोस् मौका पनि प्रदान गर्नुहोस् ।

उल्लिखित क्रियाकलापहरू सम्पादन गर्दा सबैभन्दा पहिले कथ्य भाषा र आफ्नो मातृभाषाको उपयोगलाई प्राथमिकता दिनुहोस् । त्यसपछि नेपाली मानक भाषाको उपयोग गर्दै मौखिक वर्णन गर्न लगाउनुहोस् र मौखिक वर्णनमा अभ्यस्त भएपछि लिखित अभिव्यक्ति दिन लगाउनुहोस् ।

मौखिक तथा लिखित अभिव्यक्ति दिँदा निम्नानुसारका प्रक्रिया अवलम्बन गर्नुहोस् :

(क) चित्रका नाम भन्न र लेख्न लगाउनुहोस्, जस्तै :




चित्रको नाम नेपाली वा अन्य मातृभाषामा भन्न र लेख्न जानिसकेपछि तिनलाई नेपाली भाषामा भन्न, अनुकरण गर्न र लेख्न लगाउनुहोस् ।

नेपाली भाषी विद्यार्थीलाई नेपाली भाषामा, आंशिक रूपमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थीलाई आफ्नो मातृभाषामा शब्द प्रयोग गर्दै र नेपाली भाषा प्रयोगमा समस्या भएका विद्यार्थीलाई आफ्ना मातृभाषामा नाम भन्न र लेख्न लगाउनुहोस् । त्यसपछि त्यही चित्र तथा शब्दको उपयोग गर्दै एक वाक्यमा वस्तु तथा चित्रको वर्णन गर्न लगाउनुहोस् । त्यसपछि चित्र र त्यससम्बन्धी परिवेश तथा सन्दर्भको उपयोग गर्दै दुई, तीन, चार .... वाक्यमा लिखित तथा मौखिक अभिव्यक्ति दिन लगाउनुहोस् ।

(ख) शब्द भनी चित्र निर्माण गर्न लगाउनुहोस्, जस्तै :


गिलास


फर्सी



पात



केरा

(ग) अभिभावक तथा छिमेकीसँग कुराकानी तथा छलफल गरी घर परिवारसँग सम्बन्धित शब्दसूची निर्माण गर्न लगाउनुहोस् र सो सूची कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् । चित्रमा प्रदर्शन गर्न सकिने शब्दको शब्दचित्रपत्ती निर्माण तथा प्रस्तुति गर्न लगाउनुहोस् । शब्दसूची तथा शब्दचित्रपत्तीमा भएका शब्दलाई वाक्यमा प्रयोग गरी भन्न तथा लेख्न लगाउनुहोस् ।

(घ) पाठसँग सम्बन्धित चित्र प्रर्दशन गरी शब्द, वाक्य तथा अनुच्छेद भन्न र लेख्न लगाउनुहोस् । उक्त कार्य गर्दा चित्रमा आधारित भई पूर्वानुमान, अनुमान तथा तुलना गर्न लगाउनुहोस्, जस्तै :



(अ) चित्रमा के भइरहेको छ ?
(आ) डोलीमा को छ होला ?
(इ) माला लगाउने मानिस केमा चढेका छन् ?
(ई) ताली किन बजाएको होला ?





(अ) चित्रमा कुन कुन चरा छन् ?

(आ) दुवै चरामा के के कुरा मिल्दाजुल्दा छन् ?

(इ) दुवै चरामा नमिल्ने कुरा के के हुन् ?

(ङ) कक्षामा शिक्षकले कथा सुनाई अनुलेखन एवम् श्रुतिलेखन गराउनुहोस् । अनुलेखन तथा श्रुतिलेखन गर्दा बान्की मिलेका वर्ण तथा शब्द लेखन, हिज्जे जस्ता पक्षमा विशेष ध्यान दिनुहोस् । विद्यार्थीलाई यस्ता अभ्यास पटक पटक गराइसकेपछि कुनै शीर्षक, बुँदा, चित्र वा अन्य विषयक्षेत्रका आधारमा निर्देशित लेखन र स्वतन्त्र लेखन गर्न लगाउनुहोस् । यस क्रममा घरपरिवारका सदस्यबाट कथा सुनी आफ्नो मातृभाषा वा नेपाली भाषामा लेख्ने अभ्यास गराउनुहोस् । अनुलेखन तथा श्रुतिलेखन गर्दा पाठपत्ती, विद्यार्थी कार्यपुस्तक, पत्रपत्रिका, कथापत्ती वा अन्य कुनै सान्दर्भिक सन्दर्भ सामग्रीको उपयोग गर्नुहोस् । निर्देशित लेखन र स्वतन्त्र लेखन गराउँदा शब्दविहीन कथापत्ती, शब्दभरण (खाली ठाउँमा कथासँग सम्बन्धित केही शब्द), दिइएका बुँदा, विषवस्तु वा शीर्षकका आधारमा कथा निर्माण र स्वतन्त्र कथाकथन तथा लेखनसम्बद्ध अभ्यास गराउनुहोस् ।

लेखन कार्यलाई थप सबल बनाउन दृश्यबोध (चित्रका आधारमा बोध क्रियाकलाप), साथीले निर्माण गरेको कथा पठन, त्यसमा प्रतिक्रिया र पुनर्लेखन, सम्पादन र सहलेखन गराई पुनर्बलीकरण गराउनुहोस्, जस्तै :

(अ) शिक्षकले विद्यार्थीहरूलाई निम्नलिखित जस्तै चित्र देखाई प्रश्नहरू सोधी छलफल गर्नुहोस् :



- चित्रमा कति जना मानिस छन् ?
- चित्रमा मानिसहरू के गरिरहेका छन् ?
- तपाईँले पनि चित्र बनाउनुभएको छ ? छ भने के केको बनाउनुभएको छ, भन्नुहोस् ।
- तपाईँ किन चित्र बनाउनुहुन्छ ?

विद्यार्थीहरूले दिएका उत्तर शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र नेपाली भाषामा व्यक्त गर्न नसक्ने विद्यार्थीहरूलाई मातृभाषामा उत्तर दिन प्रेरित गर्नुहोस् र सो कुरा पनि शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् । विद्यार्थीहरूको समूह बनाई उत्तरहरू तुलना गर्न लगाउनुहोस् ।

(आ) विद्यार्थीहरूलाई मौखिक रूपमा चित्रमा देखिएका कुरा वर्णन गर्न लगाउनुहोस् (कम्तीमा दुईपटक) ।

(इ) शिक्षकले चित्र वर्णन गर्नुहोस् र विद्यार्थीलाई चित्र हेरी सुन्न लगाउनुहोस् ।

(ई) शिक्षकले विद्यार्थीहरूलाई पालैपालो चित्र वर्णन गर्न लगाउनुहोस् । नेपाली भाषामा वर्णन गर्न समस्या भएमा आफ्नो मातृभाषाको वर्णन गर्न उत्प्रेरित गर्नुहोस् ।

(उ) शिक्षकले दिइएको चित्र वर्णनका लागि आवश्यक पर्ने मुख्य शब्दहरू शैक्षणिक पाटीमा लेख्ने र विद्यार्थीहरूलाई लिखित रूपमा चित्र वर्णन गर्न लगाउनुहोस् ।

(ऊ) विद्यार्थीहरूलाई समूहमा बस्न लगाई एकअर्काको वर्णन पढ्न र सुन्न लगाउनुहोस् । शिक्षकले समूहकार्य गर्दा विद्यार्थीले व्यक्त गरेका त्रुटिहरू टिपोट गर्नुहोस् र समूहकार्यको अन्त्यमा पूर्ण समूहमा त्रुटिहरूका सम्बन्धमा छलफल गराउनुहोस् ।

# अभिव्यक्ति : वस्तुवर्णन

## उद्देश्य

- प्रदर्शित वस्तुको उपयोग गरी अभिव्यक्ति दिन
- दुई फरक वस्तुको उपयोग गरी वियष विस्तार र तुलना गर्न

## सामग्री

वस्तु

## क्रियाकलाप

### (क) वस्तु पहिचान

शिक्षकले पाठसँग सम्बन्धित कुनै वस्तु प्रदर्शन गरी त्यसका बारेमा आफ्नो मातृभाषामा भनी नमुना प्रस्तुत गर्नुहोस् र त्यसपछि सो वा अन्य वस्तु प्रदर्शन गरी त्यसका बारेमा भन्न लगाउनुहोस्, जस्तै :


ऐना


चस्मा


छाता


कलम


काउली


मकै

## (ख) वस्तु वर्णन र तुलना

विद्यार्थीका जोडी बनाई कक्षामा रहेका भिन्न भिन्न वस्तु टिप्न लगाई त्यसका बारेमा पालैपालो प्रस्तुति गर्न लगाउनुहोस् । विद्यार्थीले फरक फरक भाषाको उपयोग गर्दै प्रस्तुति गरेमा एकअर्को जोडीको प्रस्तुतिमा आएका भिन्नताको पहिचान र तुलना गर्न लगाउनुहोस् । विद्यार्थीले पहिचान गरेका भिन्नता र तुलना सुनी शिक्षकले नेपाली भाषामा सो कुराको पुनर्कथन गरी बताइदिनुहोस् ।

## (ग) पुनर्बलीकरण

विद्यार्थीलाई सानो समूहमा राखी फरक फरक वस्तु दिनुहोस् । दिइएको वस्तुका आधारमा विषयवस्तुका बारेमा साथी साथी मिलेर एक वाक्यमा, तीन वाक्यमा र पाँच वाक्यमा विषय वर्णन गर्न लगाउनुहोस् । विषय वर्णन गर्दा विद्यार्थीले नेपालीभन्दा भिन्न मातृभाषाको उपयोग गरेमा कक्षाका अन्य विद्यार्थीलाई त्यसमा बारेमा प्रस्तुति गर्न उत्प्रेरित गर्नुहोस् । सोपछि पनि विद्यार्थीको अभिव्यक्ति समस्या देखिएमा उनीहरूको आशय बुझी शिक्षकले नेपाली भाषामा पुनर्कथन गर्नुहोस् ।

## (घ) विषयवस्तुको क्रमिक वर्णन र अभ्यास


शिक्षकले आफ्नो शरीरका बारेमा टाउकोदेखि खुट्टासम्म वा खुट्टादेखि टाउकोसम्मका अङ्गहरूका बारेमा क्रमैले विषय वर्णन गर्दै विषयवस्तुको सिलसिलाबद्ध क्रमको अवधारणा दिनुहोस् । यस क्रममा केपछि के आउँछ भन्दै शृङ्खलाबद्ध प्रश्नोत्तर गरी क्रम मिलान गर्नुहोस् । विद्यार्थीले शरीरका अङ्ग र त्यसका बारेमा नेपालीभन्दा भिन्न मातृभाषाको प्रयोग गरेमा नेपाली भाषाका शब्द बताइदिनुहोस् । शरीर जस्तै गरी सम्बन्धित पाठ वा शीर्षकमा आधारित भई अन्य वस्तुको पनि वर्णन गर्ने अभ्यास गराउनुहोस् ।

उल्लिखित क्रियाकलापहरू सम्पादन गर्दा सबैभन्दा पहिले कथ्य भाषा र आफ्नो मातृभाषाको उपयोगलाई प्राथमिकता दिनुहोस् । त्यसपछि नेपाली मानक भाषाको उपयोग गर्दै मौखिक वर्णन गर्न लगाउनुहोस् र मौखिक वर्णनमा अभ्यस्त भएपछि लिखित अभिव्यक्ति दिन लगाउनुहोस् ।

मौखिक तथा लिखित अभिव्यक्ति दिँदा निम्नानुसारका प्रक्रिया अवलम्बन गर्नुहोस् :

(क) कक्षामा यथार्थ वस्तुको प्रदर्शन गरी वा स्थलगत भ्रमण गराई वस्तुका नाम भन्न र लेख्न लगाउनुहोस्, जस्तै :

(अ)




वस्तुको नाम नेपाली वा नेपालीबाहेकको मातृभाषामा नाम भन्न र लेख्न जानिसकेपछि नेपाली वा अन्य मातृभाषामा नाम भन्न र लेख्न जानिसकेपछि तिनलाई नेपाली भाषामा भन्न, अनुकरण गर्न र लेख्न लगाउनुहोस् ।

नेपाली भाषी विद्यार्थीलाई नेपाली भाषामा, आंशिक रूपमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थीलाई आफ्नो मातृभाषामा शब्द प्रयोग गर्दै र नेपाली भाषा प्रयोगमा समस्या भएका विद्यार्थीलाई आफ्ना मातृभाषामा नाम भन्न र लेख्न लगाउनुहोस् । त्यसपछि त्यही चित्र तथा शब्दको उपयोग गर्दै एक वाक्यमा वस्तु तथा चित्रको वर्णन गर्न लगाउनुहोस् । त्यसपछि चित्र र त्यससम्बन्धी परिवेश तथा सन्दर्भको उपयोग गर्दै दुई, तीन, चार .... वाक्यमा लिखित तथा मौखिक अभिव्यक्ति दिन लगाउनुहोस् ।

(ख) दैनिक प्रयोगमा आउने वस्तुसँग सम्बन्धित शब्दसूची निर्माण गर्न लगाउनुहोस् र सो सूची कक्षामा प्रदर्शन गर्न लगाउनुहोस् । कक्षामा ती वस्तुका नाम भन्दै वस्तु प्रदर्शन गर्न शब्दसूचीका शब्द भन्न र लेख्न लगाउनुहोस् ।

(ग) पाठसँग सम्बन्धित चित्र प्रर्दशन गरी शब्द, वाक्य तथा अनुच्छेद भन्न र लेख्न लगाउनुहोस् । उक्त कार्य गर्दा चित्रमा आधारित भई पूर्वानुमान, अनुमान तथा तुलना गर्न लगाउनुहोस्, जस्तै :



(अ) चित्रमा के के छन् ?

(आ) कुन बाजा बजाउँदा कस्तो आवाज आउँछ ?

(इ) हामी बाजा किन बजाउँछौं ?




(अ) चित्र केको हो ?

(आ) दुवै चित्रमा मिल्दाजुल्दा कुरा के के छन् ?

(इ) दुवै चित्रमा नमिल्ने कुरा के के छन् ?

(घ) कक्षामा शिक्षकले बहुसाङ्केतिक शब्दकोश (चित्र, शब्द र वाक्य तथा अनुच्छेद) को प्रयोग गरी अनुलेखन एवम् श्रुतिलेखन गराउनुहोस् । कुनै वस्तु वा त्यसका नाम दिई निर्देशित लेखन र स्वतन्त्र लेखन गर्न लगाउनुहोस् । यस क्रममा घरपरिवारका सदस्यबाट सहयोग लिई आफ्नो मातृभाषा वा नेपाली भाषामा लेख्ने अभ्यास गराउनुहोस्, जस्तै :




हिमाल र पहाडमा खेती गरिन्छ । यो गुलियो हुन्छ ।

लेखन कार्यलाई थप सबल बनाउन बहुसाङ्केतिक शब्दकोशको प्रयोग, त्यसका आधारमा प्रतिक्रिया र पुनर्लेखन, सम्पादन र सहलेखन गराई पुनर्बलीकरण गराउनुहोस् ।

# अभिव्यक्ति : छलफल र प्रश्नोत्तर

## उद्देश्य

- निर्धारित शीर्षक तथा विषयवस्तुमा आधारित भई छलफल गर्न
- निर्धारित शीर्षक तथा विषयवस्तुमा आधारित भई विभिन्न प्रकारका प्रश्नहरूको उत्तर भन्न र लेख्न

## सामग्री

सन्दर्भ सामग्री, प्रश्नावली, शीर्षक कार्ड, पाठपत्ती

## क्रियाकलाप

### (क) धारणा निर्माण

पाठसँग सम्बन्धित कुनै शीर्षक तथा विषयवस्तुका बारेमा सोधखोज गरी विद्यार्थीलाई विषयवस्तुसँग परिचित गराउनुहोस् । त्यसका आधारमा विद्यार्थीले गरेको सिकाइ तथा उसको धारणा प्रस्तुति गर्न लगाउनुहोस् । प्रस्तुति गर्दा नेपालीबाहेकका मातृभाषाको प्रयोग भएमा ती शब्द तथा वाक्यका ठाउँमा नेपाली भाषाको प्रयोग गर्दै शिक्षकले पुनर्कथन गरी अवधारणा स्पष्ट पार्नुहोस् ।

### (ख) छलफल

कक्षाका विद्यार्थीलाई ससाना समूहमा राखी छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा विषयवस्तुको धारणा, पालो पर्खाइ, प्रस्तुति, श्रवण तथा प्रतिक्रिया गर्ने क्रममा पुनर्बलीकरण गर्नुपर्ने अवस्था रहेमा साथी तथा अन्तरसमूहबाट सहयोगात्मक सिकाइ गर्ने अवसर प्रदान गरी सुधारात्मक शिक्षण गर्नुहोस् । यसबाट पनि समस्या समाधान नभएमा शिक्षकले कुनै एक समूहमा बसी नमुना प्रदर्शन गर्नुहोस् र विद्यार्थीलाई अवलोकन तथा थप अभ्यास गर्ने अवसर प्रदान गर्नुहोस् ।

### (ग) प्रश्नोत्तर

विद्यार्थीलाई भिन्न समूहमा बस्न लगाई पाठसँग सम्बन्धित विषयवस्तु वा शीर्षकका बारेमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा उपयोग गरिने प्रश्न तथा दोहोरो सञ्चारका क्रममा विद्यार्थीले प्रयोग गर्ने भाषालाई ख्याल गर्नुहोस् । विद्यार्थीले नेपालीभन्दा भिन्न मातृभाषा

प्रयोग गरेमा समूहमा विद्यार्थीले प्रश्न बुझे नबुझेको, प्रश्नको उत्तर दिन सके नसकेको भनी शिक्षकले अवलोकन गर्नुहोस् र आवश्यकता भएका विद्यार्थीलाई नेपाली भाषाका शब्द, सन्दर्भ, चित्र आदिलाई सङ्केत वा सुराकका रूपमा उपयोग गर्दै थप सहयोग प्रदान गर्नुहोस् । प्रश्नोत्तर गर्दा निम्नानुसारका साधनलाई उपयोग गर्नुहोस् :

**नाम भन्ने खेल**

आफ्नो परिचय पत्र झुन्ड्याएका विद्यार्थीलाई घेरामा राख्नुहोस् । दायाँबायाँतिरका साथीका निम्नानुसारका जस्तै प्रश्न गरी नाम खोज्न लगाउनुहोस् :

(अ) साथीको नाम कुन वर्णबाट सुरु भएको रहेछ ?

(आ) साथीको नाम के हो ?

(इ) साथीको थर के रहेछ ?

उल्लिखित प्रश्न जस्तै गरी विद्यार्थीलाई पाठका तथ्यपरक प्रश्न सोधी त्यसको उत्तर भन्न लगाउनुहोस् । उत्तर भन्दा विद्यार्थीले नेपालीबाहेकका मातृभाषाको प्रयोग गरेमा नेपाली भाषामा शिक्षकले नमुना उत्तर भन्नुहोस् । त्यस्तै थप प्रश्न गरी विद्यार्थीलाई नेपाली भाषाको अभ्यास गर्ने थप अवसर प्रदान गर्नुहोस् ।

## (घ) मापन र पुनर्बलीकरण

विद्यार्थीको सिकाइ र थप अभ्यासका लागि निम्नानुसार जस्तै क्रियाकलाप गराई थप अभ्यास गराउनुहोस् :

**अर्को समूहलाई प्रश्न गर्ने खेल**

पाठका विषयवस्तुमा आधारित भई अर्को समूहलाई प्रश्न गर्न लगाई कम्तीमा दुई वा तीन वाक्यमा उत्तर भन्न लगाउनुहोस्, जस्तै :

(क) भाइले के के खायो ?     (ख) दही कसरी बनाइन्छ ?

उल्लिखित प्रश्न जस्तै गरी विद्यार्थीलाई पाठका सीमित उत्तरात्मक प्रश्न सोधी त्यसको उत्तर भन्न लगाउनुहोस् । उत्तर भन्दा विद्यार्थीले नेपालीबाहेकका मातृभाषाको प्रयोग गरेमा अर्को समूहबाट विद्यार्थीलाई नेपाली भाषामा उत्तर भन्न लगाई भिन्न भाषाका शब्दको तुलना गरी अवधारणा विकास र अभ्यास गर्न लगाउनुहोस्, जस्तै :

भाइले के के खायो भन्ने प्रश्नको उत्तर नेवारी मातृभाषी विद्यार्थीले निम्नानुसार दिएमा

**किजा जा नलः । तरकारी नलः । कैँ नलः । ल त्वोनः ।**

नेवारी र नेपाली दुवै मातृभाषा जान्ने विद्यार्थीलाई नेपाली भाषामा उत्तर दिन लगाउनुहोस् र शिक्षकले सहयोग गर्नुहोस् ।

**बोध प्रश्नोत्तर**

निर्धारित पाठ वा सन्दर्भ सामग्री पढी तथ्यपरक, सीमित उत्तरात्मक र विश्लेषणात्मक उत्तर दिन लगाउनुहोस्, जस्तै :

> श्रीधर बुबासँग सहर गएको थियो । बुबालाई विभिन्न बिरुवा किन्नु थियो । श्रीधर र बुबा दुवै नर्सरीतिर लागे । त्यहाँ बुबाले विभिन्न जातका फलफूलका बिरुवा किन्नुभयो । श्रीधरले बजाउने ड्रम बाजा किन्यो । उसले मादल पनि किन्यो । बुबाले उसलाई गितार पनि किनिदिनुभयो । बुबाले भने पानी राख्ने ड्रम किन्नुभयो । उनीहरू ट्रकमा चढे । घर फर्कँदा झमक्क साँझ पर्‍यो । बिहान श्रीधरले बुबासँगै बिरुवा सार्‍यो । बुबाले बाख्रापाठाबाट बिरुवालाई बचाउन बार लगाउनुभयो । बिरुवा हुर्काउन श्रीधरले प्रशस्त प्रयास गर्‍यो । केही दिनपछि सबै बिरुवा हुर्के । उसलाई बगैँचामा बसी बाजा बजाउँदा रमाइलो लाग्यो । श्रीधर मक्ख पर्‍यो ।

(अ) श्रीधर कोसँग बजार गयो ?

(आ) श्रीधरले सहर गई के के गर्‍यो ? कुनै दुई काम भन्नुहोस् ।

(इ) श्रीधर किन मक्ख पर्‍यो ?

तथ्यपरक र सीमित उत्तरात्मक प्रश्नको अभ्यास उल्लिखित प्रक्रियाबाट नै गराउनुहोस् । त्यसकै आधारमा कारण प्रदर्शन गर्ने, विवेचना वा विश्लेषण गर्ने प्रश्नको उत्तर दिन उत्प्रेरित गर्नुहोस् ।

## (ङ) सिकाइको क्रमबद्ध स्तरीकरण र थप अभ्यास

विश्लेषणात्मक उत्तर दिँदा पाठगत विषयवस्तु समेटी उत्तर दिन लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई विषयवस्तुको बुझाइ तथा अभिव्यक्तिमा समस्या देखिएमा सान्दर्भिक विषयसँग सम्बन्धित भई अनुमानात्मक र स्वतन्त्र उत्तरात्मक प्रश्न सोधी आफ्नो मातृभाषामा उत्तर दिन लगाउनुहोस् र त्यसमा क्रमशः पाठका विषयवस्तुको बोध गराउनुहोस् । त्यसपछि नेपाली भाषामा विश्लेषणात्मक उत्तर दिन लगाउनुहोस्, जस्तै :

(अ) तपाईं सहर जानुभएको छ ?

(आ) सहरमा के के पाइँदोरहेछ ?

(इ) तपाईंले सहर वा पसलमा गई के के किन्नुभएको छ ?

उल्लिखित क्रियाकलापहरू सम्पादन गर्दा सबैभन्दा पहिले कथ्य भाषा र आफ्नो मातृभाषाको उपयोगलाई प्राथमिकता दिनुहोस् । त्यसपछि नेपाली मानक भाषाको उपयोग गर्दै मौखिक वर्णन गर्न लगाउनुहोस् र मौखिक वर्णनमा अभ्यस्त भएपछि लिखित अभिव्यक्ति दिन लगाउनुहोस् ।

**मौखिक तथा लिखित अभिव्यक्ति दिँदा निम्नानुसारका प्रक्रिया अवलम्बन गर्नुहोस् :**

कक्षामा सिकाइ सहजीकरणका क्रममा प्रस्तुत भएका शब्द, वाक्य, सन्दर्भ र मुख्य मुख्य विषयवस्तु टिपोट गरी भन्न र लेख्न लगाउनुहोस् । त्यसका आधारमा विद्यार्थीका सिकाइ स्तर आँकलन गरी थप सिकाइ आवश्यक भएका विद्यार्थीलाई अन्य सन्दर्भ र विषयवस्तु प्रयोग गर्नुहोस् । यस क्रममा मातृभाषालगायतको उपयोग गर्दै छलफल, अन्तर्क्रिया र प्रश्नोत्तर गराउनुहोस् । सिकाइ स्तर पुगेका विद्यार्थीलाई सिकाइ उपलब्धिगत विषयवस्तुमा आधारित पाठ्यसामग्री वा पाठ दिई निर्धारित प्रश्नका उत्तर लेख्न लगाउनुहोस्, जस्तै :

**बुद्ध**

**बुद्ध नेपालको लुम्बिनीमा जन्मेका थिए । उनको बुबाको नाम शुद्धोदन हो । बुद्धको आमाको नाम मायादेवी हो । उनकी आमा माइत जाँदै थिइन् । त्यति नै बेला बाटामा बुद्ध जन्मेका थिए । उनले संसारको दुःखबाट मुक्ति पाउने उपाय खोजे । उनले पाएको ज्ञान सबैलाई बाँडे । उनले शान्तिको महत्त्व बुझाए । उनलाई सबैले सम्झिरहेका छन् ।**

(क) बुद्धका बुबाको नाम के हो ?

..................................................................................................................

(ख) बुद्ध कहाँ जन्मिए ?

..................................................................................................................

(ग) बुद्धको नाम सबैले किन सम्झिरहेका छन् ?

..................................................................................................................

उत्तर भन्दा वा लेख्दा विद्यार्थीले मातृभाषाको प्रयोग गरेमा उसलाई नेपाली मातृभाषी विद्यार्थीसँग सहअभ्यास गर्न लगाउनुहोस् र त्यसमा शिक्षकले थप सहयोग गरिदिनुहोस् ।

# अभिव्यक्ति : घटना तथा परिवेश वर्णन

## उद्देश्य

- देखे, सुने, पढे र अनुभव गरेका घटना तथा परिवेश पहिचान गरी भन्न
- पहिचान गरेका घटना तथा परिवेशको क्रम तथा सिलसिला मिलाई भन्न

## सामग्री

चित्र, श्रव्यदृश्य सामग्री, प्रश्नावली, पाठपत्ती

## क्रियाकलाप


### (क) अवलोकन

विद्यार्थीलाई स्थानीय तहमा मनाइने जात्रा, पर्व, मेला, वा विशेष कार्य (बिहे, रोपाइँलगायत) का बारेमा स्थलगत अध्ययन भ्रमण गर्न लगाउनुहोस् । सो सम्बन्धमा स्थानीय रूपमा प्रचलित शब्द वा नेपालीबाहेकका अन्य मातृभाषाका शब्द सङ्कलन गर्न लगाउनुहोस् । त्यसका आधारमा त्यहाँ के के भयो भनी घटना वर्णन गर्न लगाउनुहोस् । घटना वर्णन गर्दा नेपालीबाहेकका मातृभाषाका शब्द प्रयोग भएमा ती शब्द जनाउने नेपाली शब्दको सूची र नेपाली भाषामा ती शब्दलाई शब्दचित्र प्रस्तुत गर्न सकिने अवस्था रहेमा शब्दचित्र बनाई प्रदर्शन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई देखेका घटनालाई पुनः वर्णन गर्न लगाउनुहोस् । घटना वर्णन गर्दा विषयवस्तु र समयको सिलसिला वा क्रमबद्धता तथा पूर्णतालाई ध्यान दिँदै सिकाइको मूल्याङ्कन गर्नुहोस् । सिकाइ मूल्याङ्कनका क्रममा सुधारयोग्य देखिएका विद्यार्थीलाई दैनिक कार्य वा दैनिकीका माध्यमबाट घटनाबोध तथा प्रस्तुति गर्न लगाउनुहोस् ।

### (ख) श्रवण, कथन र पुनर्बलीकरण

शिक्षकले स्थानीय तहमा प्रचलित घटना तथा परिवेशका सन्दर्भमा आधारित पाठ सुनाउने वा विद्यार्थीलाई त्यस्तै खाले पाठ पढ्न लगाउनुहोस् र अरू विद्यार्थीलाई सुन्न लगाउनुहोस् । त्यसपछि सुने तथा पढेका पाठ वा विषयवस्तुका आधारमा घटनाक्रम निर्धारण र प्रस्तुति गर्न लगाउनुहोस् । यस कार्यमा विद्यार्थी अलमलमा परेमा केपछि के काम गरिन्छ भनी कुनै एक रोचक प्रसङ्ग सुनाई घटनाबोध र क्रम निर्धारण गर्न लगाउनुहोस् । यसका लागि सबैभन्दा पहिले चित्रात्मक प्रस्तुतिको सहयोग लिनुहोस् । त्यसपछि कथनात्मक प्रस्तुतिलाई उपयोग गर्नुहोस्, जस्तै :

### (अ) चित्रात्मक प्रस्तुति



### (आ) कथनात्मक प्रस्तुति

हिजो पानी परेको थियो । चउर हिलो भएछ । लखन त्यहीँबाट घरतिर हिड्यो । ऊ त चउरमा नै लड्यो । उसको लुगामा हिलो लाग्यो । ऊ धारामा गयो । लुगाको हिलो पखाल्यो । उसलाई चिसो भयो । लखन सरासर घर गयो । उसले लुगा फेऱ्यो । आगो ताप्यो । तातो दुध पियो । ओहो ! लखन भाइबहिनीसँग त खेल्न थाल्यो ।

उल्लिखित घटनाका विषयवस्तु र घटनाक्रम पहिचानका बारेमा सहमत वा असहमत हुने प्रश्नावलीका आधारमा अभ्यास गराउनुहोस्, जस्तै :

- क्रम तलमाथि पार्ने
- असहमत भएका विद्यार्थीलाई कारण सोधी त्यसका आधारमा पुनर्बलीकरण गर्नुहोस् ।

माथिको क्रियाकलापपछि यस्तै अन्य घटनाका बारेमा भन्न लगाउनुहोस् । घटना वर्णनमा समस्या भएका विद्यार्थीका लागि शब्दविहीन चित्रकथा वा सान्दर्भिक चित्रात्मक प्रस्तुति वा श्रव्यदृश्य सामग्रीको अवलोकन गरी घटना पहिचान, क्रम निर्धारण र वर्णन गर्न लगाउनुहोस्, जस्तै :



यस क्रममा अभिव्यक्तिगत समस्या देखिएमा नं (क) जस्तै सान्दर्भिक घटनाको अवलोकन तथा प्रस्तुति गर्न लगाउनुहोस् । विद्यार्थीले प्रस्तुत गरेका घटना सुनी शिक्षकले नेपाली भाषामा सो कुराको पुनर्कथन गरी बताइदिनुहोस् ।

## (ग) थप अभ्यास (घटनाक्रम निर्धारण र प्रस्तुति)

स्थानीय जातजातिका संस्कारमा गरिने कार्यको निम्नानुसारका कामका आधारमा टिपोट तथा प्रस्तुति गर्न लगाउनुहोस्, जस्तै :

(अ) संस्कार मनाउनका लागि गरिने पूर्वतयारी

(आ) संस्कार मनाउने दिनमा गरिने कार्य

(इ) संस्कार मनाइसकेपछि गरिने कार्य

यस्ता कार्यमा विद्यार्थी अलमलमा परेको पाइएमा घरपरिवारसँग छलफल गर्दै कुनै एउटा पर्व वा विशेष कार्यमा गरिने काम सुनी त्यसको घटना पहिचान, क्रम निर्धारण र प्रस्तुति गर्ने परियोजना कार्य दिनुहोस् । विद्यार्थीलाई परियोजना कार्य कक्षामा सकेसम्म नेपाली भाषामा प्रस्तुत गर्न लगाउनुहोस् । विद्यार्थीको प्रस्तुति नेपालीबाहेकको मातृभाषामा भएमा त्यसलाई शिक्षकले पुनकर्थन गरी बताइदिनुहोस् । यस कार्यमा शिक्षकले स्थानीय भाषाविज्ञको पनि सहयोग लिन सक्नुहुने छ ।

उल्लिखित क्रियाकलापहरू सम्पादन गर्दा सबैभन्दा पहिले कथ्य भाषा र आफ्नो मातृभाषाको उपयोगलाई प्राथमिकता दिनुहोस् । त्यसपछि नेपाली मानक भाषाको उपयोग गर्दै मौखिक वर्णन गर्न लगाउनुहोस् र मौखिक वर्णनमा अभ्यस्त भएपछि लिखित अभिव्यक्ति दिन लगाउनुहोस् ।

मौखिक तथा लिखित अभिव्यक्ति दिँदा निम्नानुसारका प्रक्रिया अवलम्बन गर्नुहोस् :

(क) देखे, सुने, पढे वा अनुभव गरेका घटना वा परिवेशलाई मौखिक रूपमा भन्न लगाउनुहोस् । भाषिक रूपमा अभिव्यक्ति दिन नरुचाउने विद्यार्थीलाई घटनाको चित्रात्मक अभिव्यक्ति दिन उत्प्रेरित गर्नुहोस् । उक्त चित्रात्मक प्रस्तुतिलाई नेपाली र अन्य मातृभाषा जान्ने विद्यार्थीलाई दुवै भाषामा प्रस्तुत गर्न लगाई कक्षाका विद्यार्थीलाई सुन्न लगाउनुहोस् । यस क्रममा प्रस्तुतकर्ता विद्यार्थीलाई शिक्षकले सहयोग गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई त्यसका बारेमा मौखिक तथा लिखित अभिव्यक्ति प्रस्तुत गर्न लगाउनुहोस् । यस सिकाइलाई थप पुनर्बलीकरण गर्न चित्रको उपयोग पनि गर्नुहोस्, जस्तै :



आज विद्यालयमा फुटबल खेल भयो । हामीले धेरै गोल गऱ्यौं । हामीलाई सबैले बधाई दिए । हामीलाई खुसी लाग्यो । हामीले अर्को समूहसँगै बसी रमाइलो गऱ्यौं । उनीहरू त झनै पो खुसी भए । आहा ! सधैं यसै गरी रमाइलो गर्न पाए हुन्थ्यो नि !

उल्लिखित जस्तै वर्णन आफ्नो मातृभाषामा मौखिक तथा लिखित रूपमा गर्ने अवसर प्रदान गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई नेपाली भाषामा वर्णन गर्न लगाउनुहोस् । यस क्रममा नेपालीभन्दा भिन्न मातृभाषी विद्यार्थीलाई विषयवस्तुसँग सान्दर्भिक नेपाली भाषाका शब्द भन्न, अनुकरण गर्न र लेख्न पनि लगाउनुहोस् । त्यसपछि विभिन्न मातृभाषी विद्यार्थीको समूह बनाई घटना तथा परिवेश भन्न र लेख्न लगाउनुहोस् ।

(ख) घरपरिवारका सदस्य, शिक्षक र साथीको सहयोग लिई आफ्नो मातृभाषा वा नेपाली भाषामा घटना तथा परिवेशको मौखिक तथा लिखित वर्णन गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा श्रुतिकथन, श्रुतिवर्णन र श्रुतिरचनासम्बद्ध अभ्यास पनि गराउनुहोस्, जस्तै :

## श्रुतिबोध

(अ) शिक्षकले तलका जस्तै केही नमुना पाठपत्ती बनाई त्यसमा रहेको पाठ पढेर सुनाउनुहोस् । त्यसपछि विद्यार्थीलाई ससाना समूहमा बस्न लगाई पाठपत्ती वितरण गर्नुहोस् र एउटा विद्यार्थीलाई (श्रुतिबोध) पाठ पढ्न लगाई अरूलाई सुन्न उत्प्रेरित गर्नुहोस्, जस्तै :

### आरतीको गीत

अजय र अभय साथी हुन् । अजयलाई अनार मन पर्छ । अभय धेरै अचार खान्छ । उनीहरू असल मानिसको सङ्गत गर्छन् । आरती अजय र अभयकी दिदी हुन् । उनी गीत गाउँछिन् । उनको आवाज सुमधुर छ । आज आरतीको गीत रेडियोमा बज्यो । अजय र अभयले गीत सुने । उनीहरूका साथीले पनि गीत सुने । सबैले आरतीलाई बधाई दिए । आरती खुसी भइन् । अचेल उनको हाइहाइ भएको छ ।

(आ) विद्यार्थीको श्रुतिबोध परीक्षणका लागि तलका प्रश्नहरू सोध्नुहोस् :

- अजय र अभय को हुन् ?
- रेडियोमा के बज्यो ?
- आरती किन खुसी भइन् ?

विद्यार्थीलाई उत्तर दिन उत्प्रेरित गर्नुहोस् र शिक्षकले उत्तरहरू शैक्षणिक पाटीमा टिपोट गरेर शब्द र वाक्य संरचनाहरू तुलना गर्न लगाई मातृभाषाहरूका फरकपनाका बारेमा छलफल गराउनुहोस् ।

(इ) विद्यार्थीलाई एउटा छोटो कथा सुनाउँदै सुन्न उत्प्रेरित गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई एकआपसमा सो कथा आफ्नै भाषामा भन्न लगाउनुहोस् । विद्यार्थीले कथा भनिरहँदा गरेका मानक उच्चारणहरू र मानक संरचनाहरू हुन नसकेका शब्द तथा वाक्य टिपोट गरी ससाना समूह वा पूर्ण कक्षामा छलफल गराउनुहोस् ।

छलफललाई मानक उच्चारण गर्ने गराउने अभ्याससम्म लैजानुहोस् र आवश्यक विद्यार्थीलाई थप अभ्यास गराउनुहोस् ।

## श्रुतिरचना

(क) शिक्षकले विद्यार्थीलाई कुनै एक पाठ उपयुक्त हाउभाउ र गति यतिसहित पढेर सुनाउनुहोस् :

**नमिता र नमुनाले आफ्ना नङ काटे । नरम लुगा लगाए । नयाँ नगरतिर हिँडे । नयाँ ठाउँमा पुगे । रनवन घुमे । बाटामा नहर भेटियो । नहरमा नजर लगाए । छेउमा नरिवल बेच्ने पसल थियो । काटेको नरिवल किने । नयाँ ठाउँ घुमेर उनीहरू घर फर्के ।**

(ख) उल्लिखित जस्तै अर्को सन्दर्भ, शीर्षक वा विषयवस्तु सुनाई त्यसका आधारमा समानान्तर लेखन गर्न लगाउनुहोस् । यसपछि विद्यार्थीलाई मुख्य शब्दहरू (खेलसम्बन्धी शब्द, बाजा सम्बन्धी शब्द, ...) शैक्षणिक पाटीमा लेखी ती शब्दहरूको मातृभाषाका समानार्थी शब्द भन्न लगाई टिपोट गर्नुहोस् र त्यसका आधारमा शिक्षकले सन्दर्भ बताइदिनुहोस् तथा विद्यार्थीलाई वाक्य एवम् अनुच्छेद रचना गर्न लगाउनुहोस् ।

(ग) विद्यार्थीहरूले श्रुतिरचना गर्न सहज नमानेमा यी शब्दहरू प्रयोग गरी विभिन्न पाठ सुनाई पुनः भन्न (पुनर्कथन गर्न) उत्प्रेरित गर्नुहोस् र त्यसका आधारमा श्रुतिरचना गर्न लगाउनुहोस् ।

### श्रुतिवर्णन

विद्यार्थीलाई ससाना समूहमा बस्न लगाई एउटा छोटो कथा सुनाउनुहोस् । सुनेका कथाका बारेमा समूहमा छलफल गरी कथालाई आफ्नै शैलीमा भन्न र लेख्न लगाउनुहोस् । विद्यार्थीले लेखेको कथालाई कथाविस्तार गर्दै लामो बनाउने अभ्यास गराउनुहोस् । यस क्रममा विद्यार्थीले आफ्नो मातृभाषामा कथा लेखे पनि उत्प्रेरित गर्दै जानुहोस् । विद्यार्थीले कुनै गल्ती गरेको पाइएमा समूहमा सो सम्बन्धमा छलफल गराउनुहोस् र शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् । उल्लिखित जस्तै कथाकथन तथा लेखन कार्यलाई थप सबल बनाउन बहुसाङ्केतिक शब्दकोशको प्रयोग, त्यसका आधारमा प्रतिक्रिया र पुनर्लेखन, सम्पादन र सहलेखन गराई पुनर्बलीकरण गराउनुहोस् ।

## थप क्रियाकलाप

१. सुनाइ र बोलाइमा समस्या भएका विद्यार्थीलाई हेराइ र गराइसम्बद्ध वैकल्पिक क्रियाकलाप गराउनुहोस् ।

२. लेखाइमा समस्या भएका विद्यार्थीलाई चित्रवर्णन, श्रुतिबोध, श्रुतिरचना, श्रुतिवर्णनसम्बद्ध मौखिक क्रियाकलाप गराउनुहोस् ।

# अभिव्यक्ति : अनुभव वर्णन

## उद्देश्य

- देखे, सुने, पढे र सम्पादन गरेका काममा आधारमा विचार निर्माण गरी अभिव्यक्त गर्न
- आफ्नो विचारलाई सन्दर्भअनुसार उपयोग गर्न

## सामग्री

पाठ्यसामग्री, चित्रपत्ती, पोस्टर, पम्प्लेट, तालिका, नक्सा, बारग्राफ

## क्रियाकलाप

### (क) विषय वा शीर्षक निर्धारण तथा प्रतिक्रिया

शिक्षकले पाठ शिक्षण गर्ने दिनको विषयवस्तुसँग सान्दर्भिक हुने विषय वा शीर्षक तोक्नुहोस् । त्यससँग सम्बन्धित पाठ्यसामग्री, चित्रपत्ती, पोस्टर, पम्प्लेट, तालिका, नक्सा, बारग्राफमध्ये कुनै एक सामग्री प्रदर्शन गरी विषय प्रवेश गराई विद्यार्थीलाई आफ्नो अनुभव व्यक्त गर्न उत्प्रेरित गर्नुहोस्, जस्तै :



यदि कुनै विद्यार्थीले आफ्नो अनुभव नेपालीबाहेकका मातृभाषामा व्यक्त गर्न चाहेमा उसलाई अवसर प्रदान गर्नुहोस् । त्यस्तै अभिव्यक्ति नेपाली भाषामा दिई वा कुनै विद्यार्थीलाई दिन लगाई फरक मातृभाषी विद्यार्थीलाई सिकाइ प्रक्रियामा सहभागी गराउँदै भाषिक रूपान्तरण तथा स्थानान्तरणको अवसर दिनुहोस् ।

## (ख) पाठगत विषयवस्तुसँग आफ्नो अनुभवको मिलान तथा पुनर्बलीकरण

शिक्षकले तोकिएको पाठका बारेमा बताइदिनुहोस् । पाठका विषयवस्तुबारे विद्यार्थीका अनुभव भए भन्न उत्प्रेरित गर्नुहोस् । त्यसपछि विद्यार्थीको अनुभव र पाठगत सन्दर्भका बिचमा तुलना गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई पाठगत सन्दर्भ नौलो लागेमा वा फरक मातृभाषा भई स्पष्ट हुन नसकेमा सोही मातृभाषी विद्यार्थी वा स्थानीय तहमा उपलब्ध जानकार व्यक्तिको सहयोग लिई पाठगत विषयवस्तु बुझाइदिनुहोस् । त्यसपछि विषयवस्तुका बारेमा विद्यार्थीको धारणा प्रस्तुत गर्न लगाउनुहोस् । यसमा शिक्षकले मूल्याङ्कनकर्ता वा अवलोकनकर्ता भन्दा पनि सहयोगीको भूमिका निर्वाह गर्नुहोस् ।

## (ग) अनुभवको अनुकूलन

विद्यार्थीलाई ससाना समूहमा बस्न लगाई पाठसँग सम्बन्धित देखे, सुने, पढे र सम्पादन गरेका कामका अनुभव बताउन लगाउनुहोस् । समूहका कुनै विद्यार्थीले आफ्नो अनुभव फरक मातृभाषामा प्रस्तुत गरेमा नेपाली र सो भाषा गरी दुवै मातृभाषा जान्ने विद्यार्थीलाई उक्त कुराको नेपाली भाषामा पुनर्कथन गर्न लगाउनुहोस् । विद्यार्थीले नसकेको अवस्थामा शिक्षकले सहयोग गर्नुहोस् । उल्लिखित कार्यपछि पाठगत विषयवस्तुको सन्दर्भ र आफ्नो अनुभव मिले नमिलेको दाँज्न लगाउनुहोस्, जस्तै :

**पेम्बा बिहानै उठ्यो । चर्पी गयो । त्यसपछि धारामा गयो । साबुनपानीले हातमुख धोयो । एक गिलास पानी खायो । उसले एक घण्टा पढ्यो । सबैसँग बसेर खाना खायो । विद्यालय जान तयार भयो । झोला बोकी विद्यालय गयो ।**

शिक्षकले निम्नानुसार जस्तै वा अन्य कुनै विधि अपनाई आफ्नो अनुभवलाई अनुभवको अनुकूलन गर्न सिकाउनुहोस् :

| कार्य | बानी | अनुकूलन |
|---|---|---|
| पेम्बा बिहानै उठ्यो । | मलाई त आमाले उठ उठ भनी सधैँ बोलाउनुहुन्छ । | आफैँ उठ्नुपर्ने रहेछ नि । अब बेलुकी चाँडै सुत्छु । बिहान चाँडै उठ्छु । |
| साबुनपानीले हातमुख धोयो । | पानीले मात्र हात पखाल्छु । | ओहो ! साबुन लगाई नुहाउँथेँ मात्र । अब म पनि त्यसै गर्छु । |
| उसले एक घण्टा पढ्यो । | म त गृहकार्य मात्र गर्छु । आफैँ त पढ्दिनँ । | अबदेखि म पनि पढ्छु । कथाका किताब पढ्छु । पत्रपत्रिका पढ्छु । ..... |

विद्यार्थीलाई नेपाली भाषामा आफ्नो अनुभव बताउन कठिनाइ आइपरेमा नेपाली मातृभाषी तथा अन्य मातृभाषीको समूहमा बस्न लगाई भाषिक प्रयोगको अनुकूलन, सहपाठी सिकाइ र अभ्यास गराउनुहोस् । यस्तो अभ्यास गर्ने अवसर पटक पटक दिनुहोस् ।


## (घ) सिकाइ तथा अनुभवका आधारमा विषयवस्तुको क्रम निर्धारण र प्रस्तुति

कक्षामा पाठसँग सम्बन्धित पत्रपत्रिका, सन्दर्भ सामग्री, ठोस वस्तुलगायत वितरण गर्नुहोस् । त्यसका बारेमा स्वतन्त्र रूपमा विचार निर्माण गर्न उत्प्रेरित गर्नुहोस् । त्यसका आधारमा सिकाइ र अनुभवलाई जोड्दै विषयवस्तुको वर्णनसम्बद्ध नमुना प्रस्तुत गर्नुहोस् । त्यसपछि शिक्षक र विद्यार्थीले उक्त सामग्री उपयोग गर्दै सँगैसँगै अभ्यास गर्नुहोस् । यस क्रममा कुनै विद्यार्थीमा समस्या देखा परे विषयवस्तुको अंश अंश मात्र भन्ने अवसर दिई विषयवस्तुको क्रम निर्धारण गर्नुहोस् तथा गर्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीले प्रयोग गरेका मातृभाषाका शब्द तथा वाक्यलाई नेपाली भाषाको उपयोग गर्दै पुनर्कथन गर्नुहोस् । त्यसपछि विद्यार्थीलाई स्वतन्त्र रूपमा भन्न उत्प्रेरित गर्नुहोस् ।

उल्लिखित क्रियाकलापहरू सम्पादन गर्दा सबैभन्दा पहिले कथ्य भाषा र आफ्नो मातृभाषाको उपयोगलाई प्राथमिकता दिनुहोस् । त्यसपछि नेपाली मानक भाषाको उपयोग गर्दै मौखिक वर्णन गर्न लगाउनुहोस् र मौखिक वर्णनमा अभ्यस्त भएपछि लिखित अभिव्यक्ति दिन लगाउनुहोस् ।

मौखिक तथा लिखित अभिव्यक्ति दिँदा निम्नानुसारका प्रक्रिया अवलम्बन गर्नुहोस् :

(क) पाठसँग सम्बन्धित भिन्न घटना तथा परिवेश जनाउने चित्र प्रर्दशन गरी शब्द, वाक्य तथा अनुच्छेद भन्न र लेख्न लगाउनुहोस् । उक्त कार्य गर्दा चित्रमा आधारित भई अनुमान तथा तुलना गर्न लगाउनुहोस्,  जस्तै :



अनुमान तथा तुलना गर्दा प्रश्नोत्तर, लिखित वर्णन जस्ता क्रियाकलाप गराउनुहोस् ।

(ख) घरपरिवारका सदस्य, शिक्षक र साथीको सहयोग लिई आफ्नो मातृभाषा वा नेपाली भाषामा घटना तथा परिवेशको मौखिक तथा लिखित वर्णन गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा श्रुतिकथन, श्रुतिवर्णन र श्रुतिरचना सम्बद्ध अभ्यास पनि गराउनुहोस् । लेखन कार्यलाई थप सबल बनाउन बहुसाङ्केतिक शब्दकोशको प्रयोग, त्यसका आधारमा प्रतिक्रिया र पुनर्लेखन, सम्पादन र सहलेखन गराई पुनर्बलीकरण गराउनुहोस् ।

# अभिव्यक्ति : सूचना सम्प्रेषण

## उद्देश्य

- देखे, सुने, पढे र सम्पादन गरेका काममा आधारमा सूचनासम्बद्ध पहिचान गर्न
- दैनिक कार्यव्यवहार र सिकाइका लागि प्राप्त सूचनाको उपयोग गर्न

## सामग्री

मुद्रित तथा विद्युतीय सामग्री (श्रव्य, दृश्य र मुद्रित)

## क्रियाकलाप

### (क) सूचना कथन

हरेक विद्यार्थीलाई पुग्ने गरी मेटाकार्ड तयार पार्नुहोस् । मेटाकार्डमा बढीमा तीन वाक्यमा लेखिएको सूचना अर्को साथीलाई मौलिक वाक्यमा सुनाउन लगाउनुहोस् । मौलिक वाक्यमा भन्न नसक्ने मातृभाषी विद्यार्थीलाई सूचना पढी सुनाउन लगाउनुहोस् । त्यसपछि नेपाली मातृभाषी र भिन्न मातृभाषी विद्यार्थीबिच छलफल गराई मौलिक वाक्य निर्माण गर्न सहयोग गर्नुहोस् । त्यसपछि अर्को सूचना दिई थप अभ्यास गर्ने मौका दिनुहोस् ।

### (ख) सूचना पहिचान र प्रतिक्रिया

विद्यार्थीलाई साना समूहमा बस्न लगाई निम्नानुसार जस्तै कार्य जिम्मेवारी प्रदान गर्नुहोस् :

(अ) श्रव्यदृश्य सामग्रीबाट सूचना सङ्कलन



(आ) मुद्रित सामग्री पढी सूचना सङ्कलन

(इ) आफ्नो अनुभवमा आधारित सूचनाको सङ्गठन

(ई) श्रुतिकथन वा वर्णन (प्रत्यक्ष संवादमा आधारित)

उक्त जिम्मेवारीपछि पहिलो समूहलाई सामग्री उपलब्ध गराई त्यसमा प्रसारित सूचना, समाचार वा अन्य सन्दर्भ ध्यानपूर्वक सुन्न लगाउनुहोस् । यस क्रममा विद्यार्थीलाई नबुझेका सन्दर्भको पहिचान गर्न लगाउनुहोस् र शिक्षकले सो सन्दर्भ बुझाइदिनुहोस् । नेपाली भाषाको प्रयोग भएकाले नबुझेको पाइएमा शिक्षक वा साथीको सहयोग लिई मातृभाषामा बुझ्ने अवसर प्रदान गर्नुहोस् ।

दोस्रो समूहमा मुद्रित सामग्री पढ्न नसक्ने विद्यार्थीलाई सान्दर्भिक चित्रात्मक सामग्री उपलब्ध गराउनुहोस्, जस्तै :

| | |
|---|---|
| घाम लागेको |  |
| थोरै बादल भएको |  |
| पुरै बादल लागेको |  |
| पानी परेको |  |
| हुरी चलेको |  |
| बिजुली चम्केको |  |

तेस्रो समूहका विद्यार्थीलाई पालैपालो आफ्नो अनुभव (मैले यो देखेँ वा पढेँ वा ...) बताउने अवसर प्रदान गर्नुहोस् । त्यसपछि कुनै एक विद्यार्थीको सिकाइ वा प्रस्तुतिलाई समूहको प्रस्तुति बनाई अभिव्यक्त गर्ने मौका प्रदान गर्नुहोस्, जस्तै :





चौथो समूहलाई अन्य कक्षाका साथी वा शिक्षक वा प्रधानाध्यापककहाँ पठाई सूचना सङ्कलन गर्न लगाई मौलिक वाक्य तथा शैलीमा भन्न लगाउनुहोस् ।

माथिका चारओटै कार्य सम्पादन गर्दा भाषिक सञ्चार र सिकाइमा कठिनाइ आइपरेमा भिन्न मातृभाषी विद्यार्थीलाई नेपाली मातृभाषी विद्यार्थीसँग साना साना समूह बनाई नेपाली भाषामा कुराकानी गर्न उत्प्रेरित गर्नुहोस् । यस क्रममा कुनै शिक्षकले सहकार्यात्मक सिकाइको अवलोकन गर्दै सहयोग गर्नुहोस् ।

## (ग) अभ्यास

सूचना पहिचान र प्रतिक्रियाका क्रममा निर्धारण गरेका समूह र कामलाई एक अर्को समूहका लागि तोकी भिन्न भिन्न अभ्यास र सिकाइ गर्ने अवसर प्रदान गर्नुहोस् । यस क्रममा नयाँ नयाँ सामग्री, पात्र र चित्र दिँदै विद्यार्थीमा नौलोपनको अनुभूति गर्ने वातावरण सिर्जना गर्नुहोस् ।

## (घ) लेखाजोखा

केही विद्यार्थीलाई घरमा उपलब्ध कुनै एक श्रव्यदृश्य सामग्रीबाट प्रसारित सूचना वा समाचारका मुख्य मुख्य कुरा टिपोट गरी प्रस्तुत गर्नुहोस् । केही विद्यार्थीलाई सामग्री अध्ययन गरी मुख्य मुख्य कुरा टिपोट गरी प्रस्तुत गर्नुहोस् । केही विद्यार्थी विद्यालयबाट हिजो घर गएपछि रात्रीसम्म भएका घटना वा कार्य टिपोट गरी प्रस्तुत गर्नुहोस् र केही विद्यार्थीलाई अभिभावकसँग कुराकानी गरी त्यसका आधारमा मुख्य मुख्य कुरा टिपोट गरी प्रस्तुत गर्ने परियोजना कार्य दिनुहोस् । त्यसपछि परियोजना कार्य पालैपालो कक्षामा प्रस्तुत गर्न अर्को समूहका विद्यार्थीलाई सुन्न र त्यसबारे प्रतिक्रिया व्यक्त गर्न लगाउनुहोस् ।

## (ङ) पुनर्बलीकरण

कुनै विद्यार्थीलाई नेपाली भाषामा सूचना सम्प्रेषण गर्न कठिनाइ आइपरेमा भिन्न मातृभाषी विद्यार्थीलाई नेपाली मातृभाषी विद्यार्थीसँग साना साना समूह बनाई नेपाली भाषामा कुराकानी गर्न उत्प्रेरित गर्नुहोस् । एकभाषी कक्षा भए नेपाली भाषामा कुराकानी गर्ने अभ्यास गराउनुहोस् । यस क्रममा कुनै विद्यार्थीलाई सञ्चार तथा अभिव्यक्ति गर्न कठिनाइ आइपरे शिक्षकले सहयोग गर्नुहोस् ।

## (च) थप अभ्यास

भिन्न मातृभाषी विद्यार्थीलाई विषयवस्तुको प्रस्तुतिमा कठिनाइ आइपरेमा विषयवस्तुसँग सम्बन्धित चित्र र आपसमा कुराकानी गरिरहेका श्रव्यदृश्य सामग्रीको उपयोग गर्नुहोस् । एक समूहमा यस्तो अभ्यास भइरहँदा अर्को समूहलाई श्रवण र अवलोकन गर्न लगाउनुहोस् ।

## (छ) निरन्तरता

कक्षाका विद्यार्थीलाई वैयक्तिक रूपमा उपलब्ध सामग्री वा प्रयुक्त विधाका आधारमा विषयवस्तुका बारेमा शब्द, तथ्य, तथ्याङ्क, मुख्य मुख्य विषयवस्तुहरूको पहिचान र प्रस्तुति गर्न लगाउनुहोस् । विद्यार्थी यस कार्यमा समर्थ देखिएमा उक्त विषयवस्तुलाई आधार बनाई अनुच्छेदात्मक अभिव्यक्ति प्रस्तुत गर्न उत्प्रेरित गर्नुहोस् र सहयोग आवश्यक देखिएका विद्यार्थीलाई सुधारात्मक शिक्षण गर्नुहोस् । यस क्रममा विद्यार्थीलाई अरूको सहयोग लिई सञ्चार गर्न पनि लगाउनुहोस् । अनुच्छेदात्मक अभिव्यक्ति दिन समर्थ विद्यार्थीलाई मौलिक वाक्य बनाई सञ्चार गर्न उत्प्रेरित गर्नुहोस् ।

उल्लिखित क्रियाकलापहरू सम्पादन गर्दा सबैभन्दा पहिले कथ्य भाषा र आफ्नो मातृभाषाको उपयोगलाई प्राथमिकता दिनुहोस् । त्यसपछि नेपाली मानक भाषाको उपयोग गर्दै मौखिक वर्णन गर्न लगाउनुहोस् र मौखिक वर्णनमा अभ्यस्त भएपछि लिखित अभिव्यक्ति दिन लगाउनुहोस् ।

मौखिक तथा लिखित अभिव्यक्ति दिँदा निम्नानुसारका प्रक्रिया अवलम्बन गर्नुहोस् :

**सस्वर पठन र शब्द बोध**

(अ) शिक्षकले तलको कथा गति, यति मिलाई सस्वर वाचन गरेर सुनाउनुहोस् र विद्यार्थीलाई सुन्न उत्प्रेरित गर्नुहोस् :

(विद्यार्थीले कथामा प्रयोग भएका आफूलाई नयाँ लाग्ने शब्द देखाउँदै जान्छन्) :

**छठ रमाइलो पर्व हो । यो तीन दिनसम्म मनाइन्छ । यस पर्वमा सूर्यको पूजा गरिन्छ । सूर्यलाई ठेकुवा र भुसुवा चढाइन्छ । नदी, ताल र पोखरीको किनारमा गई पूजा गरिन्छ । सूर्यको पूजा रमाइलो हुन्छ । त्यसपछि सबैले ठेकुवा र भुसुवा खान्छन् ।**

**छठ　　सूर्य　　ताल　　पूजा　　पोखरी**

(आ) विद्यार्थीहरूलाई समूहमा विभाजन (मिश्रित मातृभाषी समूह) गरी समूहगत रूपमा सस्वर वाचन गर्न लगाउनुहोस् । एउटा समूहले गरेको पठनका सम्बन्धमा अर्को समूहले पढेको ठिक भए नभएको मूल्याङ्कन गर्न लगाउनुहोस् ।

(इ) शिक्षकले विद्यार्थीले भनेका शब्दहरू (छठ, सूर्य, ताल, पूजा, पोखरी) शैक्षणिक पाटीमा टिपोट गर्नुहोस् र ती शब्दहरूका मातृभाषाका पर्यायवाची शब्दहरू विद्यार्थीहरूलाई भन्न लगाउनुहोस् र शैक्षणिक पाटीमा लेख्नुहोस् । ती शब्दहरूलाई एक एक गरी उच्चारण गर्न लगाउनुहोस् र छोटा वाक्य बनाउने प्रशस्त अभ्यास गराउनुहोस् ।

(ई) विद्यार्थीले बनाएका वाक्य एकआपसमा छलफल गर्न लगाई गल्ती सच्याउन लगाउनुहोस् । यस क्रममा शिक्षकले आवश्यक सहजीकरण गर्नुहोस् ।

**घटना, परिवेश र संरचना बोध**

(अ) विद्यार्थीलाई आफूले देखेका, सुनेका र अनुभव गरेका घटना समूहमा छलफल गर्न लगाउनुहोस् । छलफलका क्रममा मातृभाषाको प्रयोगलाई पनि प्रोत्साहन गर्नुहोस् ।

(आ) प्रत्येक समूहलाई उनीहरूले छलफल गरेका घटना भन्न लगाउनुहोस् ।

(इ) शिक्षकले कुनै एउटा घटना छनोट गरी मुख्य बुँदाहरू (घटनाक्रम समेट्ने) टिपोट गर्नुहोस् ।

(ई) विद्यार्थीहरूलाई ती घटनाहरू व्यक्तिगत र सामूहिक रूपमा क्रममा राख्न लगाउनुहोस् ।

(उ) विद्यार्थीहरूलाई घटनाक्रमको सिलसिलेवार वर्णन गर्न लगाउनुहोस् । शिक्षकले विद्यार्थीलाई आवश्यकताअनुसार व्यक्तिगत रूपमा सहयोग गर्नुहोस् ।

(ऊ) शिक्षकले तलको कथा नमुना वाचन गरेर सुनाउनुहोस्, विद्यार्थीलाई सुन्नका लागि उत्प्रेरित गर्नुहोस् र फरक मातृभाषी विद्यार्थीलाई कथाका मुख्य शब्दहरू उनीहरूको भाषामा समेत बताउनुहोस् :

**सबैले बाबु, आमा र गुरुले दिएको अर्ती उपदेश मान्नुपर्छ । अटेरी, अल्छी र फोहोरी हुनुहुन्न । असहाय, गरिब र दुःखीको सेवा गर्नुपर्छ । आफूभन्दा ठुलालाई आदर गर्नुपर्छ । आफूभन्दा सानालाई माया गर्नुपर्छ । कसैसँग झगडा गर्नुहुन्न । सबैसँग साँचो बोल्नुपर्छ । त्यसैअनुसारको काम पनि गर्नुपर्छ । आफूबाट गल्ती भएमा माफी माग्नुपर्छ । कसैसँग झर्केर बोल्नुहुन्न ।**

(ए) यो कथामा भएका मुख्य शब्दहरू (अर्ती, अटेरी, फोहोरी, साँचो, झगडा) शैक्षणिक पाटीमा टिपोट गरी अन्य मातृभाषामा ती शब्दका समानान्तर शब्दहरू सोधी छलफल गराउनुहोस् ।

(ऐ) शिक्षकले विद्यार्थीहरूलाई कथामा आधारित बोध प्रश्नहरू सोध्ने :

- हामीले कसको सेवा गर्नुपर्छ ?
- सबैले के के गर्नुपर्छ ?
- हामीले किन साँचो बोल्नुपर्छ ?

(झ) विद्यार्थीले दिएका उत्तरहरूका सम्बन्धमा पाठको सन्दर्भ लिएर छलफल गराउनुहोस् र आवश्यक सहजीकरण गर्नुहोस् ।

(ञ) शिक्षकले पाठपत्तीमा हेरेर पाठमा प्रयोग भएका शब्द तथा वाक्यको सङ्ख्या गन्न तथा भन्न लगाउनुहोस् ।

(ट) शिक्षकले पाठको अटेरी, अल्छी र फोहोरी हुनुहुन्न भन्ने वाक्य शैक्षणिक पाटीमा लेख्नुहोस् र सो वाक्यमा भएका शब्द सङ्ख्या गन्न तथा भन्न लगाउनुहोस् । त्यसपछि शब्दभित्रका अक्षर गणना गर्ने तरिका प्रदर्शन गर्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| अटेरी | अल्छी | र | फोहोरी | हुनुहुन्न |
| /अ.टे.रि/ | /अल्.छि/ | /र/ | /फो.हो.रि/ | /हु.नु.हुन्.न/ |

### भाव र सार प्रस्तुति

(क) शिक्षकले तलको कविता हाउभाउ, गति, यति र लय मिलाएर गाउनुहोस् र विद्यार्थीलाई सुन्न अभिप्रेरित गर्नुहोस् :



## बाको बुई

*- डा. रामप्रसाद ज्ञवाली*

कथा भन्ने हजुरबा
गीत गाउने मेरा बा
हजुरआमा रसिली
मेरी आमा हँसिली

काका चाचा दिनुहोस्
काकी कापी दिनुहोस्
छोराछोरी हामी दुई
खेल्छौँ चढी बाको बुई ।

(ख) शिक्षकले पुनः गाएर विद्यार्थीलाई पनि सँगसँगै अनुवाचन गर्न लगाउनुहोस् । विद्यार्थीलाई सानो सानो समूहमा वाचन गर्न लगाउनुहोस् र शिक्षकले आवश्यक पृष्ठपोषण दिनुहोस् ।

(ग) शिक्षकले कवितामा भएका शब्दहरू (कथा, गीत, कापी, चाचा, हँसिली) शैक्षणिक पाटीमा लेख्नुहोस् । यी शब्दका मातृभाषामा प्रयोग हुने शब्दहरूसमेत शैक्षणिक पाटीमा लेख्नुहोस् र अर्थ (वास्तविक वस्तु, शब्दार्थपत्ती, व्याख्या प्रयोग गरेर) समेत बताउनुहोस् ।

(घ) शिक्षकले कवितामा आधारित भएर निम्नलिखित जस्तै प्रश्नहरू सोधी छलफल गराउनुहोस् :

- हजुरबा र बाले के के गर्नुहुन्छ ?
- आमालाई किन हँसिली भनिएको होला ?
- पढी लेखी तिमीहरू कस्तो बन्छौ ?

(ङ) विद्यार्थीले दिएको उत्तर शैक्षणिक पाटीमा लेख्नुहोस् र कविताका सार वा भाव प्रस्ट पार्नुहोस् । यस कार्यमा शिक्षक स्वयम्ले सहजीकरण गर्नुहोस् ।